

विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



मजदुर दैनिक विज्ञापन शाखा

नगाँचा, कमलविनायक, भक्तपुर-९, फोन नं.९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**भाइबर नं.** : ९७४४४२४४६५

**Gmail :** majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



★ वर्ष : २८ ★ अङ्क : २९ ★ ने. सं. ११४६ चिल्ला थ्व, चतुर्थी ★ शनिबार ★ ९ फागुन, २०८२ ★ February 21, 2026, Saturday ★ मूल्य रु.५।– ★ पृष्ठ ८


## ख्वप विश्वविद्यालयले दिने शिक्षा उत्पादन श्रमसँग जोडिने




भक्तपुर, ८ फागुन । ख्वप मा.वि., ख्वप कलेज, शारदा क्याम्पस मा.वि. र ख्वप कलेज अफ ल मा कार्यरत शिक्षक तथा कर्मचारीबिच ‘ख्वपको शैक्षिक यात्रा’ विषयक परिचर्चा कार्यक्रम शुक्रबार भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँले एउटै पाठ्यक्रम सबै विश्वविद्यालयमा अध्यापन गराउने भए फरक फरक विश्वविद्यालयको आवश्यकता नरहने चर्चा गर्दै ख्वप विश्वविद्यालयले दिने शिक्षा उत्पादन श्रमसँग जोडिने छ भन्नुभयो ।

भक्तपुर नगरपालिकाको अगुवाइमा सञ्चालन हुने ख्वप विश्वविद्यालयले नेपाल सरकारबाट कुनै आर्थिक अनुदान अपेक्षा गरेको छैन, ख्वप विश्वविद्यालयमा आधुनिक चिकित्सा शिक्षालगायत कृत्रिम बौद्धिकता, आयुर्वेद, जडीबुटी, वैकल्पिक चिकित्सा शिक्षालाई जोड दिनेछ, उहाँले भन्नुभयो ।

प्राचीन ग्रीस र रोमन नगरले विश्वविद्यालय सञ्चालन गरेको उदाहरण दिँदै अध्यक्ष बिजुक्छेँले ख्वप विश्वविद्यालय पनि त्यही अवधारणाअनुसार अघि बढिरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेजहरूको स्थापनाले भक्तपुरको शिक्षामा परिवर्तन हुनुका साथै देशकै शिक्षा क्षेत्रमा महत्त्वपूर्ण योगदान गरेको अध्यक्ष बिजुक्छेँले बताउनुभयो ।

सुसंस्कृत समाज निर्माणको लागि विद्यालय शिक्षा निःशुल्क र अनिवार्य तथा विश्वविद्यालय शिक्षा निःशुल्क हुने कानुनी व्यवस्था जरूरी भएको उल्लेख गर्दै उहाँले शिक्षाको मुख्य उद्देश्य देशलाई आवश्यक जनशक्ति तयार गर्ने हुनुपर्ने बताउनुभयो ।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, “विश्वविद्यालयलाई समाज बुद्धिजीवीकरण अभियानको अगुवाइ गराउने नीति बनाउनु उपयुक्त हुनेछ । नेपालको वन, खनिज, जलस्रोतको अध्ययन र अनुसन्धान तथा रैथाने ज्ञानको संरक्षणको काम विश्वविद्यालयलाई गराउनु देश विकासका निम्ति उपयुक्त पाइला साबित हुनेछ ।”

समाजवादी व्यवस्थाले मात्र २१ औँ शताब्दीको समस्या समाधान गर्न सकिने स्पष्ट पार्दै विश्वमा अशान्ति कायम रहनुमा साम्राज्यवाद र पुँजीवाद मुख्य रूपमा दोषी रहेको अध्यक्ष बिजुक्छेँले बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरको शैक्षिक विकासमा धेरै चुनौतीको सामना गर्नुपरेको स्मरण गर्दै भक्तपुरका नेतृत्वकर्ताहरूले यहाँको विकासमा धेरै सुधारका प्रयास गरेको बताउनुभयो ।

भक्तपुरलाई ‘एक घर एक स्नातक’ र ‘पर्यटकीय गन्तव्यस्थल’ बनाउने दीर्घकालीन उद्देश्यकै कारण आज भक्तपुर शैक्षिक गुणस्तरमा प्रतिस्पर्धा गर्ने थलोको रूपमा विकास भइरहेको र आन्तरिक


***बाँकी पृष्ठ ८ मा***


### वीर सहिदहरूको सम्मानमा सहिद दिवस

## विदेशी पुँजी लगानी गर्दा विदेशी सेना भित्रिने सम्भावना



भक्तपुर, ८ फागुन । नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुरले २०४६ सालको ऐतिहासिक जनआन्दोलनको प्रातः स्मरणीय वीर सहिदहरूको सम्मानमा शुक्रबार सहिद उद्यानमा ३७ औं सहिद दिवस मनायो ।

सहिदहरू राजकुमार सुवाल, कृष्णराम दुवाल, निर्मलकुमार शाक्य, हरिकृष्ण भुजु, पुष्परत्न शाक्य, महेश श्रेष्ठप्रति एक मिनेट मौनधारण गरी सुरु भएको उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवं भक्तपुर क्षेत्र नं. १ का प्रतिनिधिसभा सदस्य उम्मेदवार प्रेम सुवालले देशको स्वाधीनता र सार्वभौमिकता रक्षा गर्न र समाजमा आमूल परिवर्तन गर्न सहादत प्राप्त गर्ने सहिदप्रति श्रद्धाञ्जली तथा घाइते योद्धाप्रति सम्मान व्यक्त गर्नुभयो ।

प्रतिक्रियावादीहरूसामु नझुकी, देश र जनताको निम्ति ज्यानको बाजी राख्ने सहिदहरूको स्मरण जनताले जहिल्यै गरिरहने उल्लेख गर्दै उहाँले समाजले अर्थतन्त्र नेतृत्व गरे न्याय, समानता पाउने, आर्थिक सङ्कट नहुने र शोषण अन्त्य हुने बताउनुभयो ।

देशमा जग्गा बाँझो राख्ने क्रम बढेसँगै विदेशबाट खाद्यान्न आयात बढिरहेकोमा चिन्ता व्यक्त गर्दै उहाँले छिमेकी देशले नाकाबन्दी गरे हाहाकारको स्थितिमा पुग्ने बताउनुभयो ।

उहाँले देशका उद्योगधन्दा निजीकरण गर्ने, यहाँका जमिन, जङ्गल विदेशीलाई बहालमा दिएर विदेशी पुँजी लगानी गर्दा विदेशी सेना भित्रिने ठूलो सम्भावना हुन्छ भन्नुभयो ।

उहाँले नयाँ पुस्ता भ्रष्टाचारविरुद्ध लड्न अघि सर्नुपर्ने बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले देश र जनताको इमानदारीपूर्वक सेवा गर्ने, व्यक्तिगत स्वार्थभन्दा माथि उठेर देश र जनताको निम्ति योगदान गर्ने व्यक्तिहरू सधैँ जीवित भइरहने बताउनुभयो ।

समतामूलक समाज स्थापना गर्न ज्यानको बाजी राख्ने सहिदहरूलाई सरकारले स्मरण गर्नुपर्ने उल्लेख गर्दै उहाँले शासक दलहरूको कारण युवाहरू विदेसिन बाध्य भएको बताउनुभाये ।

नेमकिपाले स्थानीय तह, प्रदेश र संसद्मा गएर देश र जनताको सेवा गर्न नीति निर्माण गर्ने उल्लेख गर्दै उहाँले देशघाती र राष्ट्रघातीहरूलाई चिन्नुपर्ने बताउनुभयो ।

जनताको सेवा हुने राजनीतिले जनतामा ऊर्जा र प्रेरणा मिल्ने विश्वास पनि उहाँले व्यक्त गर्नुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घ जिल्ला समिति भक्तपुरका अध्यक्ष एवं बाग्मती प्रदेशसभा सदस्य सृजना सैँजुले देशको लागि बोल्ने, सोच्ने, लड्ने


***बाँकी पृष्ठ २ मा***


## व्यक्ति वा संस्थाले जीवनका उत्तरार्द्धमा समस्या भोगे तापनि सङ्घर्ष गर्न छोड्न नहुने

भक्तपुर, ८ फागुन । सरस्वती विद्यागृह माध्यमिक विद्यालयको ७५ औँ जन्मोत्सव (हीरक जन्मोत्सव) को अवसरमा स्मारिका विमोचन, सम्मान, पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रम शुक्रबार सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले स्मारिका र ‘विद्यार्थी हौँ हामी’ शीर्षकको गीत विमोचन गर्दै विद्यालयको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्नुभयो । उहाँले व्यक्ति वा संस्थाले जीवनका उत्तरार्द्धमा समस्या भोगे तापनि सङ्घर्ष गर्न छोड्न नहुने बताउनुभयो ।

प्रमुख प्रजापतिले भन्नुभयो, “पहिले एसईई पास भएपछि काठमाडौँ जानुपर्ने बाध्यता थियो । भनपाले ख्वप सर्कलअन्तर्गत कलेज सञ्चालन गरी भक्तपुरमै उच्च शिक्षा सुलभरूपमा



प्राप्त गर्ने अवस्था सिर्जना भयो । भक्तपुरलाई उदाहरणीय नगर बनाउनुपर्छ ।”

विद्यालयको जग राम्रो भएपछि भविष्यको कुनै चिन्ता लिनु नपर्ने उल्लेख गर्दै उहाँले सरकारले गरिबलाई लक्षित गरी राम्रो विद्यालय सञ्चालनमा जोड दिनुपर्छ भन्नुभयो ।

उहाँले भक्तपुरलाई शैक्षिक उचाइमा पुऱ्याउन विद्यार्थीले अथक मेहनत गरी विद्यालयको हरेक गतिविधिमा सक्रियतापूर्वक अगाडि बढ्नुपर्ने विचार व्यक्त गर्दै भक्तपुरलाई देश र अन्तर्राष्ट्रिय जगत्मा चम्किलो बनाउन लाग्नुपर्ने बताउनुभयो ।

विद्यालयका प्रअ गनुराज राईले वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्दै २००८ सालमा स्थापना भएको विद्यालयमा हाल ५११ जना विद्यार्थी, २७ जना शिक्षक तथा कर्मचारी आबद्ध रहेको बताउनुभयो ।

उहाँले विद्यालयको शैक्षिक सुधारको लागि विद्यालय व्यवस्थापन समितिले आर्थिक तथा भौतिक सहयोग गर्दै आएको उल्लेख गर्दै विद्यार्थीको स्तरअनुसार अङ्ग्रेजी र नेपालीमा पठनपाठन हुँदै आएको बताउनुभयो । “विद्यालयबाट हालसम्म २,७३८ जना विद्यार्थीले एसईई उत्तीर्ण गरिसकेका छन्,” उहाँले भन्नुभयो ।

अर्का अतिथि ज्ञानसागर प्रजापतिले सामुदायिक विद्यालय बनाउन कार्यरत


***बाँकी पृष्ठ ८ मा***





# वार्षिकोत्सवको तयारीबारे वागीश्वरीमा शिक्षक कर्मचारी भेला



भक्तपुर, ८ फागुन । वागीश्वरी माध्यमिक विद्यालयको ६७ औँ, वागीश्वरी कलेजको १८ औँ तथा वागीश्वरी कलेज अफ म्यानेजमेन्टको तेस्रो वार्षिकोत्सव तयारी सम्बन्धमा आज शिक्षक कर्मचारीहरूको भेला भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरको शैक्षिक रूपान्तरणमा यहाँका अग्रजहरूको महत्त्वपूर्ण भूमिका रहेको बताउँदै भक्तपुर अहिले शैक्षिक गुणस्तरमा प्रतिस्पर्धा गर्ने थलोको रूपमा विकास भइरहेको बताउनुभयो ।

वागीश्वरी माध्यमिक विद्यालयको प्रगति र विकासमा पनि धेरैको साथ र योगदान रहेको चर्चा गर्दै उहाँले शिक्षामा धेरै पछाडि परेको भक्तपुर आज शैक्षिक गन्तव्यस्थलको रूपमा विकास हुन यहाँका सामुदायिक तथा संस्थागत विद्यालयहरूको महत्त्वपूर्ण भूमिका रहेको बताउनुभयो ।

प्रमुख प्रजापतिले भक्तपुरका विद्यालयहरू बन्द हडतालमा पनि निर्वाध रूपमा सञ्चालन भई शिक्षण गतिविधि अगाडि बढेकै कारण आज भक्तपुर शैक्षिक रूपमा अगाडि बढेको हो भन्दै उहाँले नेतृत्वकर्ताहरूको सही मार्गनिर्देशनले भक्तपुर राजनीतिक रूपमा पनि सचेत र सङ्गठित रहेको बताउनुभयो ।

२०४६ सालदेखि नेपालमा न कुनै सरकारी अस्पताल, विद्यालय निर्माण भयो न त दरबन्दी नै थप भयो भन्दै उहाँले सरकारले निजीकरणलाई बढावा दिएकै कारण देशको शिक्षा क्षेत्र अस्तव्यस्त बनेको बताउनुभयो ।

प्रमुख प्रजापतिले विदेशीको ऋण र सहयोगले नेपालको सार्वभौमिकता गुम्ने खतरातर्फ सचेत हुनुपर्ने बताउँदै भक्तपुर नगरपालिकाको ख्वप विश्वविद्यालय सञ्चालन गर्ने उद्देश्य एक न एक दिन पूरा हुनेछ भन्नुभयो ।

उक्त कार्यक्रममा वागीश्वरी माध्यमिक विद्यालयका प्रधानाध्यापक कृष्णप्रसाद कर्माचार्य, वागीश्वरी कलेज अफ म्यानेजमेन्ट व्यवस्थापन समितिका सदस्य ज्ञानसागर प्रजापति, सहायक प्रअ उकेश सुवाललगायतले कलेजको वार्षिकोत्सव सभ्य भव्यरूपमा सफल पार्न सबैको संयुक्त प्रयास, साथ र सहयोग आवश्यक भएको बताउनुभयो । उहाँहरूले वागीश्वरीलाई अझ उचाइमा पुऱ्याउन सबैको मेहनत आवश्यक भएको बताउँदै वागीश्वरीको शैक्षिक उन्नयन आज देशभरि चर्चाको विषय बन्नु हामी सबैको लागि गौरवको विषय हो भन्नुभयो ।

# मकवानपुरमा नेमकिपाको घरदैलो र कोणसभा

मकवानपुर, ८ फागुन । आसन्न प्रतिनिधिसभाको मध्यावधि निर्वाचनका लागि नेपाल मजदुर किसान पार्टीका उम्मेदवार सरोज तामाङ र रञ्जना सुवालले आ-आफ्नो निर्वाचन क्षेत्र क्रमशः मकवानपुर क्षेत्र नं. २ र १ का विभिन्न स्थान र गाविसहरूमा घरदैलो कार्यक्रम गर्नुभयो ।

घरदैलो कार्यक्रमपछि हुमाने बजारमा आयोजित कोणसभामा आफ्नो उम्मेदवारीको कारण प्रस्ट्याउँदै सरोज तामाङले पुराना दलहरूको अकर्मण्यता र नेमकिपाले सुझाएको कुरालाई बेवास्ता गर्दा भदौ २३ र २४ को भयावह घटना हुन गएको बताउनुभयो ।

मकवानपुर क्षेत्र नं. १ का उम्मेदवार रञ्जना सुवालले भ्रष्टाचारलाई निमिट्यान्न पार्न नेमकिपाको घोषणापत्रमा भ्रष्टाचारीलाई कडा सजायको व्यवस्था उल्लेख भएको बताउनुभयो ।

क्षेत्र नं. २ का उम्मेदवार सरोज तामाङले कुलेखानी गाविस, राकम खोला बजार, फाखेल, भीमफेदी बजारलगायतका विभिन्न स्थानमा घरदैलो गर्नुभयो । क्षेत्र नं १ का उम्मेदवार रञ्जना सुवालले सिमेन्ट रोड, सकरे, मकरे, बेल डाँडा, पद्मपुर तथा वडा नं ८ मा घरदैलो कार्यक्रम गर्नुभयो ।

# बाह्र जना प्राध्यापकलाई नइ प्रज्ञा पुरस्कार

काठमाडौँ, ८ फागुन । नइ एकेडेमीले 'नेपाल भारत विश्वविद्यालय प्राध्यापक सम्मेलन' को उचाइ अभिवृद्धिका साथै नेपाली भाषासाहित्यको पठनपाठन, अनुसन्धान तथा सिर्जनात्मक संवर्धनमा समर्पित भएबापत बाह्र जना प्राध्यापकलाई 'नइ प्रज्ञा पुरस्कार' समर्पण गर्ने निर्णय गरेको छ ।

यी पुरस्कारका राशि जनही पचास पचास हजार रुपियाँ रहेका छन् ।

नइ प्रज्ञा पुरस्कारबाट प्रा.डा. ऋषिराम शर्मा, प्रा.डा.कपिलदेव लामिछाने, प्रा.केशव सुवेदी, प्रा.डा.चक्रपाणि खनाल, प्रा.डा.जङ्गब चौहान, प्रा.डा.भरतकुमार भट्टराई, प्रा.डा.महादेव अवस्थी, डा.रजनी काफ्ले ढकाल, प्रा.डा.लक्ष्मणप्रसाद गौतम, प्रा.डा.लेखप्रसाद निरौला, डा.साधना पन्त 'प्रतीक्षा' र डा.हर्कबहादुर शाहीलाई विभूषित गरिने भएको छ ।

नइ एकेडेमीका कुलपति श्रीमती इन्दिरा प्रसाईको अध्यक्षतामा बसेको बैठकले उक्त निर्णय गरेको हो ।

नइ एकेडेमीले महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठीको सर्वोच्च प्राज्ञिक नेतृत्वमा तीनदिने 'नेपाल भारत विश्वविद्यालय प्राध्यापक सम्मेलन' आयोजना गर्न लागेको हो ।

२०८२ साल चैत २७,२८ र २९ गते सम्पन्न हुने 'नेपाल भारत विश्वविद्यालय प्राध्यापक सम्मेलन' का अवसरमा 'नइ प्रज्ञा पुरस्कार' समर्पण गरिने भएको छ ।

# चेस फर अल चेस प्रतियोगिता सम्पन्न

काठमाडौँ, ८ फागुन । रापिड १७०० रेटिङमुनिको नेपाल इको प्यानल चेस फर अल चेस प्रतियोगिता राजधानीमा सम्पन्न भएको छ । नौ चरणसम्म चलेको प्रतिस्पर्धामा भारत तथा देशका विभिन्न ६० जिल्लाबाट सहभागी खेलाडीहरूले उत्कृष्ट खेल प्रदर्शन गरेका थिए । प्रतियोगितामा मोरङका भरत धिमाल ७.५ अङ्क बनाउदै प्रथम स्थान हासिल गर्न सफल भए । रेटिङ १६८३ भएका भरतले उपाधिसँगै नगद रु. १० हजार, आकर्षक ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गरेका छन् ।

प्रतिस्पर्धाको अन्तिम परिणामपश्चात् पाँच जना खेलाडीहरूले समान ७.५ अङ्क जोडे पनि टाइब्रेकका आधारमा इटहरीका नारायणहरि श्रेष्ठ द्वितीय तथा दमकका उज्ज्वल दाहाल तृतीय स्थानमा रहे ।

यससँगै अनरेटेड नारायणहरि श्रेष्ठले नगद ७ हजार र १६८८ रेटेड उज्ज्वल दाहालले नगद रु. ५ हजार पुरस्कार, मेडल एवं प्रमाणपत्र प्राप्त गरे । यसैगरी १६७८ रेटेड टोखा काठमाडौँका आवास तिवारी चौथो हुदै नगद ४ हजार र १६५६ रेटेड डाँछी काठमाडौँका अमृत नगरकोटी पाँचौँ स्थानमा रहँदै रु. ३ हजार हात पारेका छन् ।



शीर्ष दशभित्र खेल अन्त्य गरी पुरस्कृत प्राप्त गर्नेमा क्रमशः १६९६ रेटेड संखु काठमाडौँका रमेशवीर माली, १६७६ रेटेड नवलपरासीका अजिज क्षेत्री, भोजपुरका अन रेटेड विशाल राई, भारतका १६३५ रेटेड एआईएम आलोक प्रियदर्शी तथा भारतकै १६३७ रेटेड आनन्द शेखर परेका छन् ।

विधागततर्फ पुरस्कृत हुनेमा १६ सय रेटिङतर्फ गोरखाका अपिल गुरुङ, १५ सय रेटिङमा काठमाडौँका दिपन मैनाली, युवा १६ वर्षमा हर्षवर्धन राठी, युवा १४ तर्फ अभिलाष भण्डारी, युवा १२ साहस श्रेष्ठ, भेट्रान ५५ वर्षमाथि पञ्चकुमार साहु उत्कृष्ट बने । महिलातर्फ दुई पटकका वोमन नेपाल च्याम्पियन सिन्दिरा जोशी प्रथम तथा नवीन खेलाडीतर्फ सुहित मान श्रेष्ठ पुरस्कृत भए ।

लगत्तै विजेता खेलाडीलाई प्रमुख अतिथि नेपाल इको प्यानलका निर्देशक ई. कृष्णभक्त दुवालले नगद ५१ हजार पुरस्कार वितरण गरे । त्यस अवसरमा दुवालले नयाँ तथा उदीयमान खेलाडीहरूलाई अन्तर्राष्ट्रिय रेटिङ प्रतियोगितामा अनुभव सँगाल्ने अवसर प्रदान गर्न मद्दत पुगेको प्रायोजकसमेत रहेको धारणा राखे ।

कार्यक्रमका संयोजक एवं आयोजक थापाथली पार्क चेस क्लवका अध्यक्ष सानुराज बज्राचार्यले प्रतिस्पर्धात्मक वातावरणबिच सम्पन्न प्रतियोगिताले नेपाल चेसको विकासमा थप ऊर्जा प्रदान गर्ने विश्वास व्यक्त गरे । स्पर्धाका योजनाकार एवं प्रमुख निर्णायक आईए ज्ञानेन्द्र खाइजुले चेस खेल वृत्तका सबै सरोकारवालाहरूले प्रायोजक पहिचान गरी योगदान पुऱ्याउन आह्वान गर्दै नयाँ प्रतिभा पहिचान गर्न तल्लो स्तरका खेलाडीहरूबिच निरन्तर कडा प्रतिस्पर्धा गरिरहनुपर्ने बताए । थापाथली चेस पार्कको प्राङ्गणमा सम्पन्न दुईदिने प्रतिस्पर्धामा आईए मनोज घिमिरे, फिडे आर्विटर सोराज ताम्राकार, एनए असुन राजकर्णिकारलगायतले योगदान गरेका छन् ।

# निर्वाचन १३ दिन बाँकी

काठमाडौँ, ८ फागुन । तपाईँ टिकटक कत्तिको चलाउनुहुन्छ ? रमाइलोका लागि चलाउँदै आउनुभएका टिकटकलाई अब राष्ट्रिय रूपमा योगदान पनि गर्न सक्नुहुन्छ ।

निर्वाचनलाई टिकटक बनाएरै सहयोग गर्न सक्नुहुनेछ । यस्तै, त्यसबाट आकर्षक पुरस्कारसमेत प्राप्त गर्न सक्नुहुन्छ । रमाइलोका लागि हेरिन वा बनाइने टिकटक बनाएर निर्वाचनको माहोल बनाउन, प्रचारप्रसार गर्ने र मतदाता शिक्षा प्रदान गर्न सकिनेछ । युवामाझ लोकप्रिय रहेको सामाजिक सञ्जाललाई आयोगले निर्वाचन प्रचारप्रसारका लागि प्रयोग गर्न लागेको छ ।

यही फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा सदस्य निर्वाचनलाई केन्द्रमा राखेर आयोगले टिकटक भिडियो बनाउने निर्वाचनलाई केन्द्रमा राखेर निर्वाचन आयोगले टिकटक भिडियो बनाउने अभियान चलाउने भएको छ ।

आयोगमा प्राप्त भएका सबै टिकटक भिडियोमा सबैभन्दा बढी भ्युअर्स भएका टिकटकलाई आयोगले निश्चित रकम प्रदान गर्नेछ । आयोगले त्यस्ता टिकटकलाई धेरै भ्युअर्स भएका पहिलो टिकटकलाई रु. ५० हजार, दोस्रोलाई रु. ३० हजार र तेस्रोलाई रु. २० हजारका दरले पुरस्कृत गरी प्रमाणपत्र प्रदान गर्नेछ ।

कुनै एक व्यक्तिले एउटा विषयमा एउटा भिडियो पठाउन सक्नेछन् । साथै दुई वा दुईभन्दा बढी व्यक्ति समावेश भएर भिडियो निर्माण गर्न सक्ने आयोगले जनाएको छ ।

# फोहरको दिगो व्यवस्थापनका लागि सरकारसँग सहकार्य गर्ने

काठमाडौँ, ८ फागुन । उपत्यका मेयर्स फोरमले काठमाडौँ उपत्यकाबाट उत्पादन हुने फोहरको वैज्ञानिक एवं दिगो व्यवस्थापन अध्ययन गर्न नेपाल सरकारसँग सहकार्य गर्ने भएको छ ।

फोहर व्यवस्थापन अध्ययन तथा समन्वय समितिले फोहर व्यवस्थापनको विधि तथा प्रविधि अध्ययन गर्नुका अतिरिक्त सबै स्थानीय तहका बिचमा आवश्यकताअनुसार समन्वय, सहजीकरण र सामूहिक व्यवस्थापनका लागि सरकारसँग सहकार्य गर्ने जनाएको हो ।

काठमाडौँमा फोरमका अध्यक्ष एवं ललितपुर महनगरपालिकाका प्रमुख चिरीबाबु महर्जनको अध्यक्षतामा बसेको १३ औँ बैठकले गोदावरीदेखि बूढानीलकण्ठसम्म साइकल लेनसम्बन्धी कानुन निर्माण गरी गुरुयोजना बनाउने, पूर्वाधार निर्माण र सञ्चालनका लागि सरकारसँग सहकार्य गर्ने निर्णय गरेको छ ।

बैठकमा कामपाको कार्यवाहक प्रमुख सुनिता डङ्गोलले सार्वजनिक यातायात सञ्चालन गर्दा उपत्यकाको भूगोल, बस्तीको मौलिकता, सांस्कृतिक तथा सामाजिक चालचलन सुहाउँदो ढाँचाको उपयुक्त माध्यमको छनोट गरी पूर्वाधार निर्माण गर्न सरकारसँग सहकार्य गर्नुपर्ने बताउनुभयो ।

***विदेशी...***

व्यक्तिहरू सधैँ बाँचिरहने उल्लेख गर्दै देशको हरेक परिवर्तनमा नेमकिपाको भूमिका गर्विलो भएको बताउनुभयो ।

सहिदको सपना अझै पूरा नभएको हुँदा देशमा राजनीतिक आर्थिक बेथिति, विध्वंस, अन्याय, अत्याचारविरुद्ध लड्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले आदर्श समाज स्थापना गर्न नयाँ पुस्ता अघि बढ्नुपर्छ भन्नुभयो ।

सभाका सभापति एवं नेक्राकिसङ्घ भक्तपुरका जिल्ला अध्यक्ष गोविन्द दुवालले सहिदहरूप्रति सम्मान व्यक्त गर्दै देशका उद्योगलाई कौडीको मूल्यमा बेच्ने र निजीकरण गर्ने कार्यको निन्दा गर्नुभयो ।

रासायनिक मलमा दिँदै आएको अनुदान हटाउने विगत सरकारको निर्णयविरुद्ध देशव्यापी किसान आन्दोलन गर्ने चेतावनी दिएपछि बाध्य भएर सो निर्णय फिर्ता लिएको विचार व्यक्त गर्दै उहाँले देश र जनताको पक्षमा देशभक्तिपूर्ण आन्दोलन गरेको चर्चा गर्नुभयो ।

सहिदका पुत्र पुजनरत्न शाक्यले नेमकिपाले देश र जनताको निःस्वार्थपूर्वक सेवा गरेको हुँदा सही व्यक्ति जिताउन मतदान गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

ऐतिहासिक जनआन्दोलनका घाइते सत्य सम्मेलन राजोपाध्यायले आफूलाई प्रहरीले मरणासन्न हुने गरी कुटपिट गरेको स्मरण गर्दै जो आगोसँग खेल्छ आगोमै मर्छ, जो पानीसँग खेल्छ पानीमै मर्छ भनेझैँ शक्तिको उन्मादकै कारण पञ्चायती व्यवस्था अन्त्य भएको बताउनुभयो ।

कार्यक्रममा नेक्राकिसङ्घ नगर समिति भक्तपुरका अध्यक्ष गंगाराम ज्याख्वले सहिद दिवसको स्मरणमा उहाँहरूको योगदानको कदर गर्नुपर्ने विचार व्यक्त गर्दै स्वागत गर्नुभयो ।

कार्यक्रमअघि सहिदहरूप्रति माल्यार्पण गरिएको थियो ।

## सङ्क्षिप्त समाचार

# सहकारीमा आबद्ध किसान दूध उत्पादनतर्फ आकर्षित

तनहुँ, ८ फागुन । व्यास नगरपालिका-१३ बेलबासका पशुपालन गर्दै आएका किसानले सुख्खा मौसमा पनि दूध उत्पादनमा वृद्धि गरेका छन् । दूधबाट राम्रै आम्दानी हुने देखेपछि यहाँका किसानले उत्साहित भएर गाईको सङ्ख्या थप्दै गएका छन् । बेलबास दुग्ध उत्पादक सहकारी संस्थामा आबद्ध १६१ मध्ये ४५ किसान व्यावसायिक रूपमा पशुपालनमा आवद्ध भएका छन् । यसअघि दैनिक एक हजार छ सय लिटर दूध बिक्री हुँदै आएकामा अहिले एक हजार सात सय लिटर दूध सङ्कलन भइरहेको संस्थाका व्यवस्थापक श्रीप्रसाद साँखीले जानकारी दिनुभयो छ ।

यस क्षेत्रका पशुपालन गर्ने किसानले अन्य व्यक्तिका लागि पनि परिश्रम गर्न सकिए केही हुँदोरहेछ भन्ने गतिलो सन्देश दिएका छन् । दूध बिक्रीबाट आएको पैसाले लेनदेन व्यवहारका साथै दैनिक घरखर्च चलाउन सजिलो भएको पशुपालक किसान बताउँछन् । किसानको खरिद मूल्यअनुरूप अहिले दैनिक रु. एक लाख ३४ हजारको दूध सङ्कलन हुने गरेको छ । उनीहरूले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाटप्रति लिटर रु. तीन र व्यास नगरपालिकाबाट रु. दुई अनुदान सहकारीमार्फत पाउने गरेका छन् ।

# निर्वाचन रिपोर्टिङलाई विश्वसनीय बनाउन अभिमुखीकरण कार्यक्रम

काठमाडौँ, ८ फागुन । नेपाल पत्रकार महासङ्घले निर्वाचन रिपोर्टिङलाई तथ्यपरक, सन्तुलित र विश्वसनीय बनाउन अभिमुखीकरण कार्यक्रम गरेको छ । शुक्रबार आयोजित उक्त कार्यक्रममा महासङ्घले पत्रकारलाई आचारसंहिताको प्रभावकारी पालना, जिम्मेवार समाचार सम्प्रेषण तथा पेसागत मर्यादाबारे स्पष्ट मार्गदर्शन दिएको छ । कार्यक्रममा निर्वाचन आयोगका आयुक्त डा. जानकी तुलाधरले आयोग प्रेसलाई नियन्त्रण गर्ने पक्षमा नभई सहकार्य गर्दै अघि बढ्न प्रतिबद्ध रहेको बताउनुभयो । उहाँले निर्वाचनका क्रममा पत्रकारको भूमिका अत्यन्त संवेदनशील र महत्त्वपूर्ण हुने उल्लेख गर्दै सत्य, पुष्टि गरिएका तथा सन्तुलित समाचार सम्प्रेषण गर्न आग्रह गर्नुभयो ।

नेपाल पत्रकार महासङ्घकी अध्यक्ष निर्मला शर्माले निर्वाचनअघि आयोजना गरिएको यस्तो कार्यक्रमले पत्रकारको आत्मविश्वास अभिवृद्धि गर्नुका साथै के गर्ने र के नगर्ने भन्ने विषयमा स्पष्टता ल्याउने विश्वास व्यक्त गर्नुभयो ।

नेपाल पत्रकार महासङ्घका सचिव प्रकाश धौलाकोटीले उपत्यकामा कार्यरत पत्रकारका लागि निर्वाचन आचारसंहितासम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको जानकारी दिनुभयो ।

# निर्वाचनलाई स्वच्छ बनाउन आचारसंहिताको पालना अनिवार्य

विराटनगर, ८ फागुन । यही फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वच्छ बनाउन सबैले आचारसंहिता पालना गर्नुपर्नेमा सरोकार भएकाहरूले जोड दिएका छन् । कोसी प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालय र प्रेस काउन्सिल नेपालको सहयोगमा शुक्रबार यहाँ नेपाल पत्रकार महासङ्घ कोशी प्रदेशले आयोजना गरेको दुईदिने 'पत्रकार आचारसंहिता प्रशिक्षक प्रशिक्षण' तालिमको उद्घाटन सत्रमा सरोकार भएकाहरूले त्यस कार्यमा पत्रकारको भूमिका थप महत्त्वपूर्ण रहेको बताएका हुन् ।

कार्यक्रममा आन्तरिक मामिला तथा कानुनमन्त्री इन्द्रमणि पराजुलीले विशेष परिस्थितिमा हुन लागेको निर्वाचन लोकतन्त्र र संविधानको रक्षा दृष्टिले महत्त्वपूर्ण रहेको भन्दै निर्वाचनको स्वच्छतामा सबै सचेत हुनुपर्ने बताउनुभयो । उहाँले समाजलाई कमजोर बनाउने र जनतामा भ्रम फैलाउने प्रवृत्तिविरुद्ध पत्रकारिताले योगदान गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रमका अन्य वक्ताहरूले भयरहित वातावरणमा मतदान गर्न पाउनु नागरिकको नैसर्गिक अधिकार भएकाले सञ्चार माध्यम र सञ्चारकर्मीले सचेत भएर जनतालाई सुसूचित गर्नुपर्ने धारणा राखेका थिए ।

# 'ग्लोबल मनी विक' चैत २ देखि ८ गतेसम्म

काठमाडौँ, ८ फागुन । बालबालिका र युवामा वित्तीय साक्षरता विस्तार गर्ने उद्देश्यले सञ्चालन हुँदै आएको 'ग्लोबल मनी विक' को चौधौँ संस्करण आगामी चैत २ देखि ८ गते (मार्च १६-२२, २०२६) सम्म नेपालसहित विश्वभर मनाइने भएको छ । नेपालमा हरेक वर्षजस्तै यस वर्ष पनि नेपाल राष्ट्र बैङ्कले राष्ट्रिय संयोजकको भूमिका निर्वाह गर्दै 'ग्लोबल मनी विक २०२६' आयोजना गर्ने भएको हो ।

केन्द्रीय बैङ्कको संयोजनमा बैङ्क तथा वित्तीय संस्था, लघुवित्त संस्था, बीमा कम्पनी, सहकारी संस्था, पुँजीबजारसँग सम्बन्धित निकाय तथा अन्य वित्तीय सेवा प्रदायकको सक्रिय सहभागिता रहने बताइएको छ ।

'ग्लोबल मनी विक' मूलत: किशोरकिशोरी तथा युवा/युवतीमा वित्तीय शिक्षाको महत्त्वबारे जागरण ल्याउने उद्देश्यका साथ विश्वव्यापी रूपमा थालिएको अभियान हो । 'अर्गनाइजेसन फर इकोनोमिक कोअपरेसन एन्ड डेभलपमेन्ट' (ओइसीडी) को संयोजनमा सन् २०१२ देखि प्रत्येक वर्ष विश्वव्यापी रूपमा यो अभियान सञ्चालन हुँदै आएको छ ।

राष्ट्र बैङ्कको संयोजनमा सन् २०१३ देखि नेपालमा यो अभियान सञ्चालन भइरहेको छ । अभियानबाट हालसम्म विश्वका १७६ भन्दा बढी मुलुकका करिब सात करोड बालबालिका, किशोरकिशोरी र युवा लाभान्वित भएको ओइसीडीले जनाएको छ ।




नेपाल मजदुर किसान पार्टीले प्रतिनिधिसभा चुनाव प्रचारप्रसार अभियानका लागि शुक्रबार सप्तरी जिल्लाको ताराहीमा घरदैलो कार्यक्रम र कोणसभा गरेको छ । *तस्बिर : मजदुर दैनिक*

# आँसु बोकेर परदेश, रोग र पीडा बोकेर स्वदेश फर्किएकी सीता

**- दीपक चन्द**

भद्रपुर (झापा), ८ फागुन । परदेश जाने निर्णय रहरले हुँदैन, बाध्यताले हुन्छ । ऋण, गरिबी र सन्तानको भविष्यले जब एकैचोटि थिच्छ, तब आफ्नै माटो छोड्नुबाहेक अरू विकल्प बाँकी रहँदैन ।

मेचीनगर नगरपालिका-८ की सीता थापामगर पनि यही बाध्यताको यात्रामा परदेशिनुभयो । कुबेतदेखि लेबनान र साउदी अरबसम्म फैलिएको उहाँको जीवन यात्रा वैदेशिक रोजगारीको अवसरभन्दा बढी सङ्घर्ष, पीडा र रोगसँगको लडाइँको दस्तावेज बनेर स्वदेश फर्किएको छ ।

सीताको विवाह १६ वर्षकै उमेरमा २०४७ सालमा भयो । किशोरावस्थामै गृहस्थीको जिम्मेवारी सम्हाल्न थाल्नुभएकी सीताले छोटो समयमै मातृत्वको अनुभव पनि गर्नुभयो । एक छोरा र एक छोरीको जन्मसँगै जीवनले नयाँ अर्थ लिँदै थियो । तर, उहाँको उमेर २५ वर्ष नपुग्दै श्रीमान्‌को निधन भयो । श्रीमान् गुमाउँदा सीताले केवल जीवनसाथी मात्र गुमाउनु भएन, उपचारको क्रममा लागेको ऋण पनि उहाँकै काँधमा आइपर्‍यो ।

श्रीमान्‌को मृत्युपछि परिवारको सम्पूर्ण जिम्मेवारी सीतामाथि आयो । स-साना छोराछोरी, सासू-ससुरा र घरखर्च - सबै एक्लैले धान्नुपर्ने अवस्था आयो । नेपालमै मजदुरी गरेर ऋण तिर्न र परिवार पाल्न सम्भव नदेखिएपछि उहाँले परदेश जाने कठिन निर्णय लिनुभयो । आफन्तको सहयोगमा भारतको बाटो हुँदै भिजिट भिसामा २०६२ सालतिर सीता कुबेत पुग्नुभयो । कुबेत जान करिब २० हजार रूपैयाँ खर्च भएको थियो, जुन रकम जुटाउन नै उहाँलाई सङ्घर्ष गर्नुपरेको थियो ।

कुबेतमा सीताले घरेलु कामदारका रूपमा काम सुरु गर्नुभयो । मासिक करिब आठ हजार नेपाली रूपैयाँ पारिश्रमिक पाउनुहुन्थ्यो । तर, परदेशी जीवन उहाँका लागि सहज थिएन । बिहानदेखि रातिसम्म निरन्तर काम गर्नुपर्ने, पर्याप्त आरामको अभाव, भाषागत कठिनाइ र असुरक्षित कार्य वातावरणसँग उहाँले दिनहुँ जुधिरहनुपर्‍यो । आफ्नो दु:ख व्यक्त गर्ने ठाउँ र भरोसाको आधार नहुँदा मानसिक रूपमा पनि उहाँ कमजोर बन्दै जानुभयो । राम्रो साहु नपर्दा गालीगलौज, अपमान र मानसिक तनाव सहनु परेको अनुभव सीता सुनाउनुहुन्छ । यस्ता कठिन परिस्थितिबिच पनि उहाँले हार मान्नुभएन । चार वर्षसम्मको कुबेत बसाइँमा भोगिएका पीडा र सङ्घर्षकै बिच श्रीमान्‌को उपचारका क्रममा लागेको ऋण तिर्न भने उहाँ सफल हुनुभयो ।

ऋण तिरेर नेपाल फर्केपछि सीताले स्वदेशमै बस्ने योजना बनाउनुभयो । परिवारसँगै बसेर छोराछोरीको हुर्काइ र शिक्षामा ध्यान दिने उहाँको चाहना थियो । तर, समयसँगै छोराछोरी हुर्कंदै गए र उनीहरूको शिक्षा-दीक्षा, खानपान तथा दैनिकीका खर्च क्रमश: बढ्दै गयो । दैनिक जीवन चलाउनकै लागि पनि आर्थिक दबाब बढ्दै जाँदा परिवारको दायित्व घट्नुको सट्टा झन् थपिँदै गयो । नेपालमै सीमित आम्दानीका स्रोतले ती सबै जिम्मेवारी धान्न कठिन भएपछि सीता फेरि पनि परदेशकै बाटो रोज्न बाध्य हुनुभयो । उहाँ लेबनान पुग्नुभयो ।

लेबनानमा उहाँको काम एक वृद्ध आमाको हेरचाह गर्ने थियो । काम तुलनात्मक रूपमा सहज थियो र मासिक करिब १५ हजार नेपाली रूपैयाँ जति पारिश्रमिक पाउनुहुन्थ्यो । सीता स्थिर आम्दानी र कामको सहजताले उनी केही सन्तुष्ट हुनुहुन्थ्यो । तीन वर्षसम्म लेबनानको बसाइँ सामान्य रूपमा चलिरहेको थियो । तर, जीवनले फेरि उहाँलाई ठुलो पीडा दियो । लेबनानमै काम गरिरहेको अवस्थामा नेपालबाट आएको खबरले सीताको जीवन फेरि बदलियो । उहाँका किशोर छोरा घरमै असामयिक निधन भएको खबर आयो ।

यो खबर सीताको जीवनकै सबैभन्दा ठुलो आघात बन्यो । आमाका लागि सन्तान गुमाउनु शब्दले व्यक्त गर्न नसकिने पीडा हो । परदेशमा बसेर सुनेको यो दु:खद समाचारले उहाँलाई गहिरो मानसिक चोट पुर्‍यायो । तीनवर्षे लेबनान बसाइँ पूरा हुन नपाउँदै सीता सबै काम छोडेर नेपाल फर्किनुभयो । घर फर्किएपछि केही समय उहाँ स्वदेशमै बस्नुभयो । शोकको पीडा, परिवारको अवस्था र बाँकी जिम्मेवारी सम्हाल्ने प्रयासमै उहाँका दिन बित्न थाले । छोराको असामयिक निधनको पीडाले मन भारी रहँदा पनि जीवन चलाउनुपर्ने बाध्यता टरेन ।

दुई वर्षपछि सीता पुन: मेनपावरमार्फत साउदी अरब पुग्नुभयो । साउदीमा उहाँले अस्पतालमा क्लिनरका रूपमा काम गर्नुभयो । कामको प्रकृति शारीरिक रूपमा मेहनतिलो थियो र लामो समयसम्म निरन्तर काम गर्नुपर्ने अवस्था रहन्थ्यो । पाँच वर्षसम्म लगातार काम गर्दा परिवारको जिम्मेवारी पूरा गर्नेतर्फ ध्यान केन्द्रित हुँदा आफ्नो स्वास्थ्यप्रति भने पर्याप्त ध्यान दिन नसकेको उहाँ बताउनुहुन्छ । यही क्रममा घाँटीमा समस्या देखापर्‍यो ।

प्रारम्भमा सामान्य समस्या ठानेर बेवास्ता गरिए पनि समस्या बढ्दै गएपछि साउदीमै चार महिना उपचार गराउनुभयो तर उपचारबाट अपेक्षित सुधार हुन सकेन । स्वास्थ्य अवस्था थप जटिल बन्दै गएपछि अन्तत: उहाँ नेपाल फर्किनुभयो । नेपाल आएपछि चितवनस्थित भरतपुर क्यान्सर अस्पतालमा जाँच गराउँदा उहाँलाई दोस्रो चरणको घाँटीको क्यान्सर भएको पुष्टि भयो, जसले सीताको जीवनमा अर्को ठुलो चुनौती थपिदियो ।

क्यान्सरको खबरले सीताको जीवनमा अर्को ठुलो चुनौती थपियो । उपचारका क्रममा हालसम्म १४ लाख रूपैयाँभन्दा बढी खर्च भइसकेको छ । अझै पनि नियमित उपचार र 'फलोअप' का लागि भरतपुर धाउनुपर्ने अवस्था छ । सीमित आम्दानी र स्रोतका बिच थोरै बचत, ऋण तथा आफन्तको सहयोगमा उहाँले उपचारलाई निरन्तरता दिनुभयो । शारीरिक पीडा, मानसिक तनाव र आर्थिक दबाबका बाबजुद पनि उहाँले हार मान्नुभएन । लामो सङ्घर्षपछि उहाँ क्यान्सरमाथि विजय पाउन सफल हुनुभयो । तर, उपचारमा लागेको ठुलो खर्च र निरन्तर स्वास्थ्य हेरचाहको आवश्यकताले उहाँको जीवन अझै पूर्ण रूपमा सहज बन्न सकेको छैन ।

हाल सीता थापामगर मेचीनगर-८ मै रहेको दुई कट्ठा जमिनमा बनेको सानो घरमा बसोबास गर्दै आउनुभएको छ । उहाँकी कान्छी छोरी हाल रोजगारीका लागि युएईमा छिन् । छोरीकै आम्दानीले अहिले उहाँको उपचार र दैनिकी चलेको छ । सीता भन्नुहुन्छ, "विदेश जानु कसैको रहर होइन, बाध्यता हो । तर, विदेश जानुअघि धेरै सोचविचार गर्नुपर्छ, आफ्नो स्वास्थ्य र सुरक्षालाई पनि उत्तिकै महत्त्व दिनुपर्छ ।" सीताको जीवन कथा केवल एउटी महिलाको सङ्घर्षको कथा होइन । यो हजारौँ नेपाली वैदेशिक श्रमिकहरूको साझा यथार्थ हो । युवावस्थामा परदेशमा पसिना बगाउने, परिवारका लागि सपना साँच्ने र उमेर ढल्किँदा रोग, पीडा र आर्थिक अभाव बोकेर स्वदेश फर्किनुपर्ने बाध्यता धेरै नेपालीले भोगिरहेका छन् । सूचना र पहुँचको अभावले उनीहरूको पीडा अझ गहिरो बनेको छ ।

सीता थापामगरको कथा वैदेशिक रोजगारीको चम्किलो पक्षभन्दा परको वास्तविकता हो । ऋण तिर्न परदेश जानुभएकी सीता आफैँ रोगी भएर फर्किन बाध्य हुनुभयो । उहाँको अनुभवले राज्य, समाज र सरोकारवालालाई गम्भीर प्रश्न सोधिरहेका छ- वैदेशिक श्रमिकका लागि समयमै सूचना, स्वास्थ्य सुरक्षा र उपचार सहयोग कति प्रभावकारी छ ? सीताको जीवनले एउटा सन्देश दिन्छ-वैदेशिक रोजगारी समाधान मात्र होइन, जिम्मेवारी पनि हो । श्रमिकको श्रमसँगै उसको स्वास्थ्य, सुरक्षा र भविष्यको प्रत्याभूति राज्यले गर्न सके मात्र परदेशको पसिना अर्थपूर्ण बन्न सक्छ । नत्र, सीता थापामगरजस्ता श्रमिकका कथाहरू बाध्यताको इतिहास बनेर पुस्तौँसम्म दोहोरिइरहनेछन् । *रासस*

**। सम्पादकीय ।**

# प्राकृतिक स्रोत र साधन विदेशीको हातमा दिन नहुने

राजनीतिक दलहरूको घोषणापत्र काम गर्ने प्रतिबद्धता पत्र हो । प्रतिबद्धतापत्र जनताको मन जित्ने आश्वासनको पोको होइन । कार्यान्वयन नहुने घोषणापत्रमा राम्रा राम्रा कुराले भरिभराउ हुन्छ । जारी भएको घोषणापत्र हेर्दा कसले कति राम्रो र आकर्षक राख्न सक्नेतर्फ नै प्रतिस्पर्धा चलेको देखिन्छ । कुनै कुनै दलको प्रतिबद्धतापत्रमा विदेशी शक्ति दाताहरूलाई रिझाउने खालको छ । देशको स्रोत र साधन विदेशीको हातमा दिएर विदेशी लगानी भित्र्याउने घोषणापत्रले नेपाल र नेपाली जनताको होइन विदेशी दलालहरूकै हित हुन्छ । उनीहरूले नेपाललाई आय आर्जन गर्ने भाँडो बनाउनेछन् । विभिन्न राजनीतिक दलले आ-आफ्नो घोषणापत्र सार्वजनिक भएपछि सञ्चारमाध्यममा अनेक टीकाटिप्पणीसहित विश्लेषण गरिएको छ ।

पत्रपत्रिकामा 'घोषणापत्र, चुनावपछि अलपत्र', 'आकर्षक तर महत्त्वाकाङ्क्षी, पाँच वर्षभित्र भ्रष्टाचारमुक्त नेपाल', '२०४६ सालयता पदमा बसेको सबैको सम्पत्ति छानबिन गरिने', 'अवैध धन राष्ट्रियकरण गर्ने', 'स्वदेशमै रोजगारी दिलाउने प्रतिबद्धता', 'गैरआवासीय नेपालीलाई अधिकार दिलाउने दलहरूको वाचा' जस्ता लोभलाग्दा र आकर्षक विषय समेटिएको छ । ठुला र सत्तामा रहेका दलले प्रत्येक पटकको निर्वाचनमा यस्तै आकर्षक र लोभलाग्दा विषय घोषणापत्रमार्फत सार्वजनिक गरेको हुन्थ्यो । तर, दलले घोषणापत्रमा उल्लेख एजेन्डाको सम्बोधन हुँदैन । आफ्नो प्रतिबद्धता लागू गर्नुभन्दा विदेशी शक्ति राष्ट्रको उठबसमा शासकहरू लागेका हुन्छन्; असमान सन्धि-सम्झौता गरेर देशलाई पराधीनमात्र होइन नेपाल र नेपाली जनताको सेवाभन्दा विदेश र विदेशीहरूको स्वार्थ पूरा गर्न लाग्छन् ।

सार्वभौम देश नेपाल कुनै विदेशी शक्ति राष्ट्रसामु झुक्नु हुँदैन, झुक्दैन । तर, स्वाधीन नेपाललाई भारत र अमेरिकाजस्ता विदेशी शक्ति राष्ट्रहरूले झुक्याउने, उठबसमा राख्ने र आफ्नो देशको स्वार्थ पूरा गर्न नेपाल र नेपालीको अहितमा अनेक सन्धि सम्झौता गराउने काम गरिरहेका छन् । विदेशी शक्ति राष्ट्रका नायकहरूले भनेपछि आफ्नो देश र जनताको हितमा छ छैन कुनै नहेरी आँखा चिम्लिने या अन्ध समर्थन गर्ने नेपाल सरकारको कमजोरीले गर्दा देश पराधीन बन्दै गएको हो; देशको अस्तित्वमा धक्का पुगिरहेको हो । अत: सरकारले नेपाल र नेपालीलाई दूरगामी असर पर्ने खालको कुनै पनि सम्झौता, सन्धि गर्नुहुँदैन; विधेयक पारित गर्नुहुँदैन ।

विदेशी शक्ति राष्ट्रसामु नेपाल फसिरहनुको कारण विदेशीहरूको आर्थिक सहयोग र विकासको प्रलोभनमा फस्नु पनि हो । नेपाललाई आर्थिक सहयोग र विकास गर्ने भनेपछि जस्तोसुकै सन्धि-सम्झौता पारित गर्ने र विधेयक पारित गर्ने काममा सरकार चुकेको छ । नागरिकता विधेयक पारित गर्नु र एमसीसी सम्झौता पारित हुनु यसको पछिल्लो दृष्टान्त हो । कोसी, गण्डकी सम्झौता, टनकपुर र महाकाली सन्धि सम्झौता सबै देशघाती सम्झौताहरू हुन् । यी सम्झौताले देशको अस्तित्वमा दाग परेको छ । शासकहरू अदूरदर्शी भएका कारण देशलाई दूरगामी असर पार्ने सन्धि-सम्झौता भएको हो । नागरिकता विधेयक नेपालीलाई अल्पमतमा पुऱ्याउने जाल हो । नेपालीलाई अल्पमतमा पुऱ्याउने जाल भारतीय विस्तारवादले रचेको हो । कुनै दिन नेपाली अल्पमतमा पुऱ्याएर नेपाललाई भारतमा मिलाउने षड्यन्त्र त बुनिरहेको छैन ? विचारणीय छ ।

नेपाल जोगाउनुपर्छ । नेपाल जोगाउन नेपाल सरकार जहिल्यै सचेत र सतर्क हुनुपर्छ । तर, विडम्बना ! देशको सार्वभौमिकता र अखण्डताप्रति सरकारलाई चासो छैन । देशलाई दूरगामी असर परे पनि सत्तासीन दलका नेताहरूलाई सरकार टिक्न पाए पुग्छ; भागबन्डा गर्न पाए पुग्छ । सरकार टिक्नु नै सरकारको लक्ष्य पूरा भएको दाबी गर्ने सत्तासीन दलका नेताहरू जिम्मेवार नहुँदा, आ-आफ्नो दायित्व पूरा नगर्दा नेपालको छविमा दाग परेको हो । बेथिति बढेर देशको बदनाम मात्र भएको होइन नेपाली भूमि साँगुरिँदै गएको छ; नेपाली भूमि मिचेको मिचेकै छ । नेपाली भूमि मिच्दै गयो भने देशको सुरक्षा कसरी हुन्छ ?

देशको सिमाना जोगाउने एउटा उपाय सीमा व्यवस्थापन हो । पहिलेको नक्साअनुसार सिमाङ्कन गरेर नेपाल-भारत सीमामा तारबार राख्नुपर्छ वा पर्खाल बनाउनुपर्छ । देशको सार्वभौमिकता र अखण्डताप्रति सत्तासीन दलका नेताहरूलाई खासै चासो छैन । उनीहरूको ध्यान जसरी भए पनि दल ठुलो बनाउने र सरकारको नेतृत्व गर्नेतर्फ केन्द्रित छ । कालापानीबाट भारतीय सेना फर्काउन पहल नगर्ने, लिपुलेक र लिम्पियाधुरामा नेपाली, गतिविधि नगर्ने, नेपाली संरचना केही नबनाउने सरकारको कार्यशैलीले देशलाई कसरी जोगाउन सकिन्छ ? नेपाली भूमि डुबान हुने गरी अन्तर्राष्ट्रिय मूल्य र मान्यताविपरीत नेपाल-भारत सीमामा बाँध तथा तटबन्ध बनाए पनि टुलुटुलु हेरेर बस्ने सरकारले के देशको अस्तित्व जोगाउला ? विदेशी शक्ति राष्ट्रहरूको थिचोमिचो, दबाब, आक्रमण र हस्तक्षेपले पनि देशको अस्तित्वमा समस्या पर्छ ।

# संविधानसभाको निर्वाचन २०६४ र २०७० सालको नेमकिपा घोषणापत्रको अध्ययन सार

✍ प्रज्ज्वल

**पृष्ठभूमि**

नेपाली जनताले तीस वर्ष सङ्घर्ष गरेर निर्दलीय पञ्चायती व्यवस्थालाई फालेका थिए । २०४६ सालमा बहुदलीय व्यवस्था पुन:स्थापनालगत्तै अन्तरिम सरकारमा पुगेका नेका र एमाले (तत्कालीन माले र मार्क्सवादी) ले भारतीय एकाधिकार पुँजी र विस्तारवादसित 'नेपालका नदीनाला भारतको साझा हुने' सम्झौता गरे । २०४८ सालमा भएको संसदीय निर्वाचनपछि गठन भएको नेकाको गिरिजा सरकारले सार्वजनिक संस्थान निजीकरणको नाममा विदेशीसमेतलाई बिक्री गऱ्यो भने टनकपुर समझदारीको नाममा भारतीय विस्तारवादलाई नेपाली भूमिमा बाँध र तटबन्ध बनाउन लगायो । सन् १८१६ को सुगौली सन्धिअनुसार महाकाली नदीपारि मात्र भारत पर्दछ अर्थात् महाकाली नदी सिङ्गै नेपालको हो । २०५१ सालको संसदीय निर्वाचनपछि एमालेको अल्पमतको सरकारले नेकाकै आर्थिक नीति निजीकरण र विस्तारवाद एवम् साम्राज्यवादको पिछलग्गू हुने विदेश मामिला नीति अङ्गीकार गऱ्यो । एमालेले आफ्नो सरकार टिकाउन नेकाका सांसदहरू किन्न रु. २ करोड पठाएको पनि सार्वजनिक भयो ।

एमालेको अल्पमतको सरकार ढालेर गठन भएको नेकाको देउवा सरकारले २०५३ सालमा सद्भावना र राप्रपा पार्टीसमेतको सहयोगमा देशघाती महाकाली सन्धि संसद्बाट पारित गरायो । देउवाले सरकार टिकाउन दाहाल (प्रचण्ड) को नेतृत्वमा प्राडो-पजेरो काण्ड, सांसद अपहरण काण्डलगायत सबै गलत काम गरे । देउवा सरकारकै पालामा २०५२ फागुन १ गतेबाट पुष्पकमल दाहाल र बाबुरामको नेतृत्वमा माओवादी सशस्त्र द्वन्द्व सुरु भयो । भारतीय शासकवर्गको सहयोग प्राप्त माओवादी अन्तत: 'भारतीय ट्रोजन हर्स' भएको साबित भयो ।

२०५६ सालको संसदीय निर्वाचनमा नेकाका कृष्णप्रसाद भट्टराई सरकारको नेतृत्वमा पुग्यो । एक वर्षपछि नेकाका गिरिजाकै नेतृत्वमा सरकार गठन भयो । रोल्पाको होलेरी काण्डमा नेपाली सेना र माओवादी लडाकु आमुन्ने सामुने परेपछि गिरिजाले राजीनामा दिए । त्यसपछि नेकाका देउवाको नेतृत्वमा २०५८ साउन ११ गते सरकार बन्यो । देउवाले गिरिजासँग मतभेद राख्दै सङ्कटकालमा २०५९ जेठ ८ गते प्रतिनिधिसभा भङ्ग गरी ६ महिनाभित्र चुनाव हुने घोषणा गऱ्यो भने २०५९ साउनबाट स्थानीय निकायको समेत चुनाव नगरी देश जनप्रतिनिधिविहीन बनायो । देउवाले आफ्नै नेतृत्वमा नेका (प्रजातान्त्रिक) पार्टी गठन गरे ।

देउवाले तत्कालीन संसद् र स्थानीय तहको निर्वाचन दुवै गर्न सकेनन् । नेमकिपाले देउवाको त्यो प्रतिगमनको विरोध गर्दै संसद् र स्थानीय निकाय पुन:स्थापनाको आवाज उठायो । तत्कालीन राजा ज्ञानेन्द्रले २०५९ असोज १८ गते देउवालाई असक्षम घोषणा गरी आफ्नो अनुकूल राप्रपाका लोकेन्द्रबहादुर चन्द र सूर्यबहादुर थापालाई पालैपालो प्रधानमन्त्री बनाए । नेमकिपा, नेका, एमाले, राजमो, सदभावना पार्टीले प्रतिगमनविरोधी आन्दोलन अघि बढाए । राजा ज्ञानेन्द्रले २०६१ साल जेठ २१ गते देउवालाई पुन: प्रधानमन्त्री बनाए । एमाले आन्दोलन छोडेर 'प्रतिगमन आधा सच्चियो' भन्दै देउवाको प्रतिगामी सरकारमा सामेल भयो । नेमकिपाले प्रतिगमनविरोधी आन्दोलनलाई चालू राख्यो । राजा ज्ञानेन्द्रले २०६१ माघ १९ गते एमालेसमेतको देउवा सरकारलाई भङ्ग गरी आफ्नै अध्यक्षतामा मन्त्रिमण्डल गठन गऱ्यो । एमाले र देउवा (नेका प्र.) ले आ-आफ्ना गल्ती नदोहोऱ्याउने बाचा गरी नेमकिपासहित सात दलको आन्दोलनमा सामेल भए ।

शासक दलहरू साम्राज्यवाद र विस्तारवादको इसारामा आन्दोलन राजधानी केन्द्रित गर्ने र छिट्टै सरकारमा जाने दाउमा थिए । नेमकिपाले आन्दोलन नेपाली जनताको भरमा देशको कुना कुनामा पुऱ्याउनुपर्ने अडान राख्यो । शासक दलहरूले भारतको दिल्लीमा माओवादीसँग १२ बुँदाको समझदारी गरे । १२ बुँदे समझदारीमा नेपालको सार्वभौमिकता र जनआन्दोलन समेत भारतको प्रभावमा पर्ने हुँदा नेमकिपाले सो समझदारीमा फरक मत पनि राख्ने र संयुक्त आन्दोलन पनि चालू राख्ने नीति लियो । जनआन्दोलनको भरमा २०६३ वैशाख ११ गते प्रतिनिधिसभा पुन:स्थापना भयो । नेमकिपाबाहेक नेका, एमाले, राजमो, सदभावना, माले र संयुक्तको सरकार गठन भयो । यो सरकारले पनि जनआन्दोलनको आवाजअनुसार स्थानीय तह पुन:स्थापना गरेन बरु विदेशीलाई नेपाली नागरिकता दिने कानुन बनायो । नेमकिपाले सरकारको यो देशघाती कानुनको विरोध गऱ्यो ।

दस वर्ष सशस्त्र द्वन्द्व गरेको माओवादी २०६३ असार २ गते सार्वजनिक भयो । २०६३ साल माघ १ गते माओवादीसमेत संसद्मा प्रवेश हुने अन्तरिम संविधान जारी भयो । २०६३ चैत १८ गते माओवादीसहितको अन्तरिम सरकार गठन भयो । यो सरकारले पनि जनताका शिक्षा, स्वास्थ्य, रोजगारीबारे कुनै नयाँ कार्यक्रम ल्याएन बरु निलम्बित राजतन्त्रको लागि करोडौँ बजेट व्यवस्था गऱ्यो अर्थात् प्रतिगमन यथावत भयो ।

XXX

२०६४ चैत २८ गते संविधानसभाको निर्वाचन हुने तिथि तय भयो । शासक दलहरूले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको नारा दिए । नेपाल मजदुर किसान पार्टीले २०६४ सालको संविधानसभाको घोषणापत्रमा स्पष्ट उल्लेख गऱ्यो- "भारत, पाकिस्तान, श्रीलङ्कालगायत देशमा ६० वर्षअघिदेखि लोकतान्त्रिक गणतन्त्र चालू छ तर जनताका समस्या समाधान भएन । तसर्थ, उत्पादनका मुख्य साधन र सेवा राष्ट्रियकरण हुने समाजवादी गणतन्त्र आवश्यक छ । नेपालीको सम्पत्तिको सीमाङ्कन र विदेशमा सम्पत्ति राख्न नपाउने कानुनी व्यवस्था हुनुपर्दछ । शासक दलका नेताहरूमा खस ठुलो राष्ट्र अहङ्कारवाद र पक्षपात भएको हुँदा देशको सन्तुलित विकास भएन । सरकार परिवर्तनसँगै माथिल्ला कर्मचारी हटाउने स्वाइल सिस्टम जरुरी हुन्छ । शोषणविरुद्धको अधिकार र आर्थिक समानताको लागि संविधानमा समाजवादउन्मुख प्रावधान राख्नु जरुरी हुन्छ ।"

घोषणापत्र अगाडि लेख्छ, "भविष्यमा तीन पार्टी तानाशाही हुने सम्भावना देखिन्छ । सबै किसिमको तानाशाही समाप्त पार्न मतसीमासम्बन्धी कानुनी व्यवस्था हुनु जरुरी छ । सांसदहरू मन्त्री बन्न नपाउने र कार्यकारी प्रमुखको अनुकूल सम्बन्धित विषयका जानकार र विज्ञहरू सम्मिलित देशभक्तहरूको सानो मन्त्रिमण्डल गठन हुनुपर्दछ । हिमाल-पहाड-तराई समेटिएको प्रदेश संरचना तथा प्राकृतिक स्रोत र विदेशीसँग जोडिएको विषय संसद्को दुईतिहाइ बहुमतबाट पारित हुनुपर्दछ । बजेटको आधा स्थानीय तहमार्फत विकास गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।"

"विद्यालय शिक्षा (कक्षा १२ सम्म) नि:शुल्क र अनिवार्य तथा विश्वविद्यालय शिक्षा नि:शुल्क हुनुपर्दछ । स्वास्थ्य र सुरक्षाको लागि १८ वर्ष पुगेकालाई सैनिक प्रशिक्षण दिने र संवैधानिक आयोग, न्यायालय, सेना प्रहरीसमेतका प्रमुखहरू सम्बन्धित क्षेत्रबाट निर्वाचित हुने व्यवस्था जरुरी छ", घोषणापत्रमा उल्लेख छ ।

"नेपालीलाई भाडाको सिपाही बनाउने सन् १९४७ को गोर्खा भर्ती र नेपाललाई भारतको सुरक्षा छातामा राख्ने सन् १९५० को नेपाल-भारत सन्धि खारेज गर्नुपर्दछ । नेपालमा सरकारको समानान्तर बजेट खर्च गर्ने र मुद्रास्फीति बढाउने विदेशी पैसाबाट सञ्चालित राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई नियन्त्रण गर्नु आवश्यक छ । विश्वव्यापीकरणको नाममा साम्राज्यवादको हतियार भएर काम गर्ने विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व व्यापार सङ्गठन, एसियाली विकास बैङ्कलगायतको आर्थिक जालबाट देशलाई सुरक्षित राख्नुपर्दछ ।" घोषणापत्रमा उल्लेख छ ।

घोषणापत्रमा नागरिकको कर्तव्य देशको भूअखण्डता र सीमाको सुरक्षा गर्ने, टुहुरा टुहुरी, असहाय, विधवा, ज्येष्ठ नागरिकको सेवा गर्ने, अन्धविश्वासको अन्त्य गरी विज्ञानसम्मत समाज निर्माण गर्ने उल्लेख छ ।

संविधानसभाको निर्वाचनपछि धेरै स्थान प्राप्त माओवादीका दाहालको नेतृत्वमा एमालेको समर्थनमा सरकार गठन भयो । यो सरकार ९ महिनामा गिऱ्यो । त्यसपछि नेकाको समर्थनमा एमालेका माधवकुमार नेपालको सरकार बन्यो । यो सरकार गिरेपछि माओवादीको समर्थनमा एमालेका झलनाथ खनाल प्रम भए । यो सरकार गिरेपछि नेका र मधेसी दलको समर्थनमा माओवादीका बाबुराम भट्टराईको सरकार गठन भयो । पालैपालो सरकारको भागबन्डामा पुगेका, भागबन्डामा लागेका शासक दलहरूले दुई वर्षमा संविधान बनाउने बाचा गरे पनि चार वर्षमा पनि बनाउन सकेनन् ।

नेका, एमाले, माओवादी र मधेसी दलबिच तत्कालीन प्रधानन्यायाधीश खिलराज रेग्मीलाई सरकार प्रमुख पनि बनाउने, जन्मको आधारमा नेपाली नागरिकता पाएका विदेशीका छोराछोरीलाई वंशजको आधारमा नागरिकता दिने, २०७० मङ्सिर ४ गते संविधानसभाको दोस्रो चुनाव गर्ने सहमति भयो । नेमकिपाले सो सहमतिमा रहेको नागरिकतासम्बन्धी व्यवस्थालाई विरोध गऱ्यो । सो सहमतिअनुसार प्रम बाबुरामले पहिलो संविधानसभा भङ्ग गरे । वास्तवमा माओवादीको यो देशघाती कदम हो ।

XXX

दोस्रो संविधानसभाको निर्वाचन २०७० साल मङ्सिर ४ गते सम्पन्न भयो । सो निर्वाचनको लागि तयार भएको नेमकिपाको घोषणपत्रमा उल्लेख छ - "आत्मनिर्णयको अधिकारसहितको एक मधेस एक प्रदेशले देश टुक्रिने र प्राकृतिक स्रोत-साधनसमेत विदेशीको कब्जामा पर्ने खतरा छ । संविधान साध्य होइन, साधन हो, त्यो साधनलाई विखण्डनकारीको अनुकूल बन्न दिनु हुँदैन । देशको हरेक क्षेत्रमा अराजकता ल्याउन शासक दलहरू जिम्मेवार छन् । कम्युनिस्ट आन्दोलनको नाममा अराजकता र ट्रोट्स्कीवाद ठूलो विराम हुनेछ ।"

"देशलाई विस्तारवाद र साम्राज्यवादको नवउपनिवेश हुन नदिन नेपाली जनता सचेत हुनु पर्दछ । नवउदारवादको अर्थ विदेशी पुँजीलाई ढोका खोल्न लगाउने आक्रामक पुँजीवाद हो । ब्रिक्स (BRICS) र एल्बा (ELBA) जस्ता साम्राज्यवादविरोधी आर्थिक सङ्गठनहरूका कारण संसारमा नयाँ आशा पलाएको छ ।" घोषणापत्रमा उल्लेख छ ।

घोषणापत्रमा भनिएको छ, "शासक दलहरूका नेता र कार्यकर्ताहरूले समाजको मूल्य र मान्यता तथा नैतिकताको सीमा नाघ्दा साधारण जनतामा समेत व्यक्तिवादी भावना बढ्यो । महिलाहरूलाई विदेशमा बेच्ने म्यानपावर कम्पनीहरूलाई कडा सजाय हुने कानुनी व्यवस्था जरुरी छ । शासक दलहरूले सरकार ढाल्ने र बनाउने 'सत्ताको कुकुर झगडा' र 'फोहोरी खेल' मा ९० प्रतिशत समय लगाए तर संविधान बनाउन १० प्रतिशत पनि लगाएनन् ।"

## सन्दर्भ : सहिद दिवस

# अमर सहिदहरूको सङ्क्षिप्त परिचय

*(तत्कालीन पञ्चायती निरङ्कुश शासन व्यवस्थाविरुद्ध २०४६ साल फागुन ८ गतेमा जनआन्दोलनको शङ्खघोष भएको दिन हो । गोलीकै भरमा जनतालाई दबाउन सकिने मानसिकता बोकेका पञ्चहरूले जनताको आन्दोलन दबाउने दुष्प्रयास गरे । पञ्चायती व्यवस्था ढाल्न भएको आन्दोलनकै क्रममा भक्तपुरका चार जना युवाहरूले पनि सहादत्त प्राप्त गरे । त्यो बलिदानकै कारण आन्दोलनको रापमा तीस वर्ष जरा गाडेर बसेको पञ्चायत व्यवस्था ढल्यो । जनआन्दोलन सफल भयो । आफ्नो जीवन होमेका योद्धाहरूको सम्मानमा हरेक फागुन ८ लाई जनताले सहिद दिवसको रूपमा मनाउँदै आएका छन् ।*

*प्रस्तुत छ, पञ्चायती निरङ्कुशताविरोधी आन्दोलनमा आफ्नो जीवन बलिदान गरी समाज र जनतालाई आदर्शको बाटो देखाउने अमर सहिदहरूको सङ्क्षिप्त जीवनी-सं)*

**सहिद कृष्णराम दुवाल**

सहिद कृष्णराम दुवालको जन्म विसं २०२३ असार ७ गते गोल्मढी टोलको एक किसान परिवारमा भएको थियो । पिता स्व. पूर्णबहादुर र माता कृष्णमायाका कान्छा छोरा दुवालका दुई दाजु, एक भाइ र एक बहिनी छन् । उहाँको पिताको २०४७ असारमा निधन भएको थियो ।

स्व. दुवाल विवाहित हुनुहुन्थ्यो । उहाँको धर्मपत्नी मैयाँ दुवाल हुनुहुन्छ ।

घरको नाजुक अवस्थाको कारण ९-१० वर्षको उमेरमा अध्ययन सुरु गरेका दुवालले ४ कक्षासम्म पढ्नुभयो । अध्ययन गर्ने ठूलो अभिलाषा गरिबीको कारण छोड्नु परे पनि पछि नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घले सञ्चालन गरेको रात्रि कक्षामा अध्ययन गर्नुभयो । उहाँ २०४० सालतिर नेक्राविसङ्घमा आबद्ध हुनुभयो ।

दुवाल छरछिमेकलाई कुनै समस्या आईपर्दा सहयोग गर्न अघि सर्ने गर्नुहुन्थ्यो । कुनै बिरामीलाई अस्पताल लैजान होस् या सभा, सम्मेलन हुँदा पानी पिलाउने अथवा छरछिमेक आफन्तलाई खेती काममा सहयोग गर्न उहाँ पछि नपर्ने स्वभावको हुनुहुन्थ्यो ।

२०४५ भदौ ५ गतेको भूकम्पमा उहाँको घर पनि भत्केको थियो । त्यसबेला उहाँ आफ्नो घरको सामान तह लागिहाल्यो भनेर बस्नुभएन, अन्य पीडितहरूलाई मद्दत गर्न पुग्नुभयो ।

तत्कालीन नेपाल मजदुर किसान सङ्गठनका विभिन्न जनवर्गीय सङ्गठनहरूबाट आयोजना गरिने सभा जुलुसमा उहाँको उपस्थिति नियमितझैं हुन्थ्यो । त्यस्तै चोटा बैठकहरू राख्न उहाँ सर्कुलर गर्न जाने गर्नुहुन्थ्यो ।

२०४६ फागुन ८ गते उहाँलाई खेतमा जाने आवश्यक काम थियो । खेतमा लैजानुपर्ने आवश्यक सामान खर्पनमा ठीक पारिरहँदा उहाँ जुलुस आएको खबर पाउनासाथ जुलुसमा भाग लिन जानुभयो । तर, त्यो खर्पन बोक्न उहाँ फर्कन पाउनुभएन । जनहत्यारा पञ्चायती सरकारले विषालु डमडम गोलीद्वारा साकोठानिर उहाँको निर्मम हत्या गऱ्यो ।

फुर्सदको बेला क्यारेम खेल्न मनपराउनु हुने स्व. दुवाल परम्परागत नाचगानमा भाग लिने गर्नुहुन्थ्यो । देवीनाचमा उहाँ धेरै पटक नाच्नुभएको थियो । यसबाहेक उहाँ साथीभाइसँग देश विदेशका घटनाहरूबारे कुराकानी गर्न रुचाउनुहुन्थ्यो ।

**सहिद राजकुमार सुवाल**

सहिद राजकुमार सुवालको जन्म विसं २०२५ माघ १० गते भक्तपुरको ब्यासी टोलको एक किसान परिवारमा भएको थियो । पिता रत्नकुमार र माता राजमायाका जेठो छोरा स्व. सुवाल विवाहित हुनुहुन्थ्यो । उहाँले धर्मपत्नी र ८ महिनाकी छोरीलाई छोडेर जानुभएको थियो । उहाँका ५ बहिनी र एक भाइ छन् ।

स्व. सुवालले ७ वर्षको उमेरमा अर्थात् २०३२ सालमा आफ्नो प्राथमिक शिक्षा बासु निमाविबाट सुरु गर्नुभएको थियो । २०३९ माघ ५ देखि प्रभात माध्यमिक विद्यालयबाट माध्यमिक शिक्षा ग्रहण गरी २०४२ सालमा एसएलसी उत्तीर्ण गर्नुभयो । त्यही वर्ष उहाँले नवदुर्गा बहुमुखी क्याम्पसमा कानुन अध्ययनको निम्ति प्रवेश हुनुभयो र पछि २०४५ सालमा भक्तपुर बहुमुखी क्याम्पसमा प्रवेश भई मानविकी सङ्कायको प्रथम वर्षको परीक्षा पनि समाप्त गरिसक्नुभएको थियो । तर, परीक्षाफल सुन्न पाउनुभएन ।

विसं २०४२ सालदेखि नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घमा सक्रिय सदस्य रहेका स्व. सुवाल विद्यार्थी गतिविधिमा र नेपाल मजदुर किसान सङ्गठनको आह्वानमा भएका विभिन्न कार्यक्रम र सङ्घर्षहरूमा निष्ठापूर्वक आफ्नो जिम्मेवारी पूरा गर्नुहुन्थ्यो । पञ्चायती राज्यस्तरबाट रचिएको 'भक्तपुर काण्ड' षड्यन्त्रअन्तर्गत गुण्डाराजको समयमा पनि उहाँ पार्टीको नीति निर्देशनअनुसार सङ्घर्षको गतिविधिमा निडरताका साथ लाग्नुभयो । ठूलोलाई आदर र सानालाई माया गर्ने स्व. सुवाल मिलनसार हुनुहुन्थ्यो । सैद्धान्तिक वादविवादमा उहाँ अडान लिने प्रवृत्तिको हुनुहुन्थ्यो ।

जनआन्दोलनको तयारीमा सक्रियतापूर्वक लागेका स्व. सुवालले शत्रुको अगाडि झुकेर होइन हाँक दिएर वीरगति प्राप्त गर्नुभएको थियो । फागुन ८ गतेको शान्तिपूर्ण एवम् निहत्था जुलुसमाथि टौमढीमा गोली बर्साएपछि उहाँ भाग्नुभएन, बरु छाती फर्काएर पञ्चायती शासकहरूलाई उहाँले चुनौती दिनुभएको थियो । बायाँ छातीमा गोली लागेका घाइते राजकुमारलाई बिहान १० बजेतिर भक्तपुर अस्पतालबाट वीर अस्पताल चलान गरिएको थियो । साँझ साढे पाँच बजेतिर मात्र अपरेसन गरियो । समयमै उपचारको बन्दोबस्त भएको भए सायद उहाँ बच्नुहुन्थ्यो । राति २ बजेतिर उहाँले वीरगति प्राप्त गर्नुभयो । वीरगति प्राप्त गर्ने बेलामा उहाँको गोजीमा नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घसम्बन्धी कागजात र नेपाल मानव अधिकार सङ्गठनका साधारण सदस्यताको पायड थियो ।

**सहिद हरिकृष्ण भुजु**

सहिद हरिकृष्ण भुजुको जन्म भक्तपुरको वंशगोपाल टोलमा २०२७ फागुन २८ गते भएको थियो । पिता हरिभक्त भुजु र माता कृष्णमाया भुजुका छोरा हरिकृष्णका एक भाइ र एक बहिनी हुनुहुन्छ । हाल उहाँहरू ट्रलिबस पार्क, कटुन्जेमा बस्नुहुन्छ । उहाँको प्राथमिक शिक्षा काप्रेको दाप्चास्थित कृष्ण माध्यमिक विद्यालयबाट सुरु भएको थियो । माध्यमिक शिक्षा उहाँले भक्तपुरको विद्यार्थी निकेतन माविमा हासिल गर्नुभयो र एसएलसी उत्तीर्ण गर्नुभयो ।

माध्यमिक शिक्षा उत्तीर्ण भएपछि उहाँ व्यापार पेसामा लाग्नुभयो । राजनैतिकरूपले उहाँ नेपाली काङ्ग्रेसका समर्थक हुनुहुन्थ्यो ।

बगैँचा सफा गर्न निकै रुचाउनुहुने अविवाहित स्व. भुजु परिवारमा प्रिय व्यक्ति हुनुहुन्थ्यो । उहाँलाई कुकुर पाल्नमा पनि सोख थियो । उहाँ भलिबल खेल्नुहुन्थ्यो । उहाँले विद्यार्थी जीवनमा विभिन्न प्रतियोगितामा भाग लिनुभएको थियो ।

फागुन ८ गते शान्तिपूर्ण जुलुसमाथि टौमढीमा वर्साएको डमडम गोलीद्वारा उहाँले वीरगति प्राप्त गर्नुभएको थियो ।

**सहिद निर्मलकुमार शाक्य**

सहिद निर्मलकुमार शाक्यको जन्म २०२२ असार १५ गते भक्तपुरको बेखाल, क्वाठडौँ टोलमा भएको थियो । (त्यही घरमा सहिद पुष्परत्न शाक्यको पनि जन्म भएको थियो ।) पिता ज्योतिबज्र शाक्य र माता असलमाया शाक्यका एक्लो छोरो स्व. शाक्यका एक बहिनी हुनुहुन्छ । उहाँहरू भक्तपुर सुकुलढोकामा बस्नुहुन्छ ।

उहाँले श्री पद्म हाइस्कूलबाट माध्यमिक शिक्षा पूरा गरेपछि भक्तपुर क्याम्पसमा दोस्रो वर्षको परीक्षा दिइसक्नुभएको थियो ।

केही वर्षदेखि राजनैतिक विषयतर्फ बढी रुचि लिन थाल्नुभएका स्व. शाक्य साथीभाइले भनेको कुरामा हार्न नसक्ने स्वभावको हुनुहुन्थ्यो ।

जिम्नास्टिक खेलका राष्ट्रिय खेलाडी भई थुप्रै प्रमाणपत्रहरू प्राप्त गरिसक्नुभएका स्व. शाक्यलाई पन्छीमा विशेषगरी परेवा पाल्ने सोख थियो । उहाँले आफ्नो युवा मनलाई शब्दमा पोखेर केही गीतहरू पनि रचना गर्नुभएको थियो ।

काठमाडौँ उपत्यकामा हुने विविध सभा सम्मेलनमा बरोबर स्रोता बन्न पुग्ने स्व. शाक्यलाई जनआन्दोलनको बेला जुलुस आदिमा भाग नलिन पिताले सम्झाउने गरेको तर फागुन ८ गते बिहानको खाना खाएपछि उहाँ सुपारी किन्न जाने भनी हत्यारा पञ्चायती सरकारसँग सङ्घर्ष गरिरहेका जनतालाई साथ दिन पुग्नुभयो । त्यसदिन बिहानको शान्तिपूर्ण जुलुसमाथि पञ्चायती सरकारले डमडम गोली बर्साएर आन्दोलनकारीहरूको निर्मम हत्या र घाइते बनाएपछि जनता र प्रहरी-सेनामाझ मुठभेड भइरहेको थियो । पञ्चायती व्यवस्थाप्रतिको आफ्नो आक्रोशलाई ढुङ्गा ईँटामा समाहित गर्दै प्रशासनसँग सङ्घर्ष गर्दै रहँदा कायरतापूर्वक लुकेर हानेको गोलीबाट उहाँले खिर्छेंमा वीरगति प्राप्त गर्नुभयो ।

**सहिद पुष्परत्न शाक्य**

सहिद पुष्परत्न शाक्यको जन्म २०१९ भदौ १ गते भक्तपुरको क्वाठडौँ बेखाल टोलमा भएको थियो । (त्यही घरमा सहिद निर्मलकुमार शाक्यको पनि जन्म भएको थियो ।) पिता मुक्तिरत्न शाक्य र माता न्हुछेमाया शाक्यका एक्लो छोरा स्व. पुष्परत्न विवाहित हुनुहुन्थ्यो । उहाँका धर्मपत्नी विजयलक्ष्मी शाक्य र छोरा पुजनरत्न शाक्य हुनुहुन्छ ।

उहाँले आफ्नो १० कक्षासम्मको शिक्षा भक्तपुरको पद्म हाइस्कूलमा अध्ययन गर्नुभएको थियो ।

उहाँले आफ्नो जीविकोपार्जनको माध्यम सुनार पेसाबाट सुरु गर्नुभएको थियो । तर, पछि उहाँ सिलाइमा लाग्नुभयो र नयाँ नयाँ डिजाइनका ज्याकेटहरू तयार गर्नमा ध्यान दिनुभयो ।

नेपाल मजदुर किसान सङ्गठनसँग विधिवत आबद्ध नरहे पनि उहाँ सङ्गठनको क्रियाकलापमा सहानुभूति राख्नुहुन्थ्यो । स्व. शाक्यले स्थानीय पुस्तकालय स्थापनामा योगदान दिनुभएको थियो । पत्रपत्रिका र कथाकहानी पढ्न रुचाउनुहुने उहाँ आफू काम गर्ने काठमाडौँ नयाँ सडकस्थित न्यु ह्युमेन फिट टेलरका सहकर्मीहरूसँग नेमकिससम्बन्धी बढी कुराकानी गर्ने गर्नुहुन्थ्यो ।

फुर्सदको बेला चेस खेल्न मनपराउनु हुने स्व. शाक्य साथीभाइबिच हाँसोठट्टा गर्नुहुन्थ्यो ।

जनआन्दोलन सुरु भएपछि पसलहरू बन्द गराउन, बत्ती निभाउन, आन्दोलनबारे चर्चा परिचर्चा चलाएर सघाउन र आन्दोलनसम्बन्धी पर्चाहरू घरका परिवारहरूलाई समेत पढेर सुनाउनुहुन्थ्यो ।

काठमाडौँमा कर्फ्यु घोषणा भएपछि उहाँ घर फर्कन पाउनुभएन । चैत २६ गते राति निर्दलको अन्त्य भएको घोषणा हुनासाथ प्रफुल्लित भएर 'बहुदल जिन्दावाद' को नाराले पञ्चायती कालरात्रिलाई च्यात्न निस्कनुभएका स्व. शाक्यलाई भेडासिंहमा शाही सेनाको गोली लाग्यो । यसरी बहुदल व्यवस्था पुन: बहालीपछि वीरगति प्राप्त गर्नेहरूमा स्व. शाक्य पनि हुनुहुन्थ्यो ।

भारतको दिल्ली, कलकत्ता आदि सहरहरूको भ्रमण गरेका स्व. शाक्य अविवाहित हुनुहुन्थ्यो ।

**सहिद महेश श्रेष्ठ**

जनआन्दोलनको सुरुदेखि नै विभिन्न कार्यक्रममा भाग लिँदै आएका महेश श्रेष्ठलाई चैत २४ गते गोली लाग्यो । उहाँले उक्त दिन कीर्तिपुरबाट आएको विशाल जुलुसलाई नेतृत्व गरिरहनुभएको थियो । प्रहरीसँग रानीपोखरी र राष्ट्रिय नाचघरको बिच कमलाक्षीमा भिडन्त सुरु भयो । त्यही समयमा प्रहरीले गोली चलायो । त्यसमध्येको एउटा गोलीले महेश श्रेष्ठलाई लडायो ।


त्यसको एक महिना ६ दिनपछि वीर अस्पतालमा उपचार गर्दागर्दै उहाँले वीरगति प्राप्त गर्नुभयो । टाउकोको बायाँपट्टि लागेको गोलीको पीडा कष्टपूर्वक सहनु परेको थियो । २०२४ फागुन ५ गते भक्तपुर बोलाछेँमा जन्मनुभएका सहिद महेश श्रेष्ठको आमाको नाम गंगादेवी हो । उहाँको पिताको नाम वर्णगोपाल श्रेष्ठ हो । उहाँका दुई दाजुहरू हुनुहुन्छ ।

एसएलसीसम्मको अध्ययनपछि उहाँ एउटा साधारण इलेक्ट्रीसियनको रूपमा काम गर्दै रहनुभएको थियो । २०४६ मा रचना श्रेष्ठसँग उहाँको विवाह भएको थियो । महेश श्रेष्ठले २०४७ वैशाख ३० गते यस धर्तीबाट बिदा लिनुभयो ।


यसरी सहिद महेश श्रेष्ठले आफ्नो अमूल्य जीवन प्रजातन्त्रको बहालीको लागि अर्पण गर्नुभयो ।




कृष्णराम दुवाल
(२०२३ असार ७ - २०४६ फागुन ८)




निर्मलकुमार शाक्य
(२०२२ असार १५ - २०४६ फागुन ८)




राजकुमार सुवाल
(२०२५ माघ १० - २०४६ फागुन ८)



महेश श्रेष्ठ
(२०२३ चैत ४ - २०४७ वैशाख ३०)



पुष्परत्न शाक्य
(२०१९ भदौ १ - २०४६ चैत २६)



हरिकृष्ण भुजु
(२०२७ फागुन २८-२०४६ फागुन ८)

*तत्कालीन पञ्चायती निरङ्कुश शासन व्यवस्थाविरुद्ध २०४६ सालमा जनआन्दोलनको शङ्खघोष भएको दिन हो फागुन ८ । हरेक न्यायपूर्ण आन्दोलनमा जस्तै २०४६ को फागुन ८ को दिन पनि भक्तपुरमा पञ्चायती शासनविरुद्धको जनसङ्घर्ष सुरु भयो । २०४५ सालको भक्तपुर काण्डमा फसाइएका तत्कालीन नेमकिसका अधिकांश नेता कार्यकर्ता या त जेलजीवन बिताइरहेका थिए अथवा भूमिगत जीवन बिताइरहेका थिए । जनताका आँखाका नानी सरहका नेता-कार्यकर्तालाई पञ्चायती व्यवस्थाले झूटा मुद्दामा फसाएर दुःख दिइरहेको जनतालाई थाहा थियो । गोलीकै भरमा जनतालाई दबाउन सकिने मानसिकता बोकेका पञ्चहरूले जनताको आन्दोलन दबाउने दुष्प्रयास गरे । पञ्चायती व्यवस्था ढाल्न भएको आन्दोलनकै क्रममा भक्तपुरका चार जना युवाहरूले पनि सहादत्त प्राप्त गरे ।*




फेब्रअरी १८ मा चिनियाँ नयाँ वर्षको दोसो दिन हो र तिब्बती पात्रोअनुसार नयाँ वर्षको पहिलो दिन । नयाँ वर्षको बिहानी प्रकाशमा पोताला दरबार चम्किलो देखिएको छ । *तस्बिर : सीआरआई*

# हमास : गाजाको पुनर्निर्माण आक्रमण रोकिएपछि मात्र सुरु हुनुपर्छ

गाजा सिटी (प्यालेस्टिनी क्षेत्रहरू), २० फेब्रुअरी (एएफपी) । प्यालेस्टिनी इस्लामवादी आन्दोलन हमासले गाजाको भविष्यबारेको राजनीतिक प्रक्रिया इजरायली 'आक्रमण' पूर्ण रूपमा रोकिएपछि मात्र सुरु हुनुपर्ने बताएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको शान्ति बोर्डको पहिलो बैठकपछि बिहीबार जारी विज्ञप्तिमा हमासले नाकाबन्दी हटाउने, जनताको वैध राष्ट्रिय अधिकार सुनिश्चित गर्ने र स्वतन्त्रता तथा आत्मनिर्णयको अधिकारलाई पहिलो प्राथमिकताका रूपमा राख्नुपर्नेमा जोड दियो ।

ट्रम्पको बोर्डको उद्घाटन सत्र वासिङटनमा भएको थियो, जहाँ धेरै देशले प्यालेस्टिनी क्षेत्रको पुनर्निर्माणमा आर्थिक र मानवस्रोत सहयोग दिने प्रतिज्ञा गरे । गाजा र हमासबिचको युद्धविराम चार महिनाभन्दा लामो समयदेखि कायम छ ।



यद्यपि, इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले पुनर्निर्माण सुरु हुनुअघि हमासलाई निःशस्त्र बनाउनुपर्नेमा जोड दिएका छन् । "गाजाको निःशस्त्रीकरण हुनुअघि पुनर्निर्माण सुरु हुने छैन भन्नेमा हामी अमेरिका साझेदारसँग सहमत छौँ," नेतान्याहुले भने ।

खाडीका देशहरूले समेत गाजाको पुनर्निर्माणका लागि सात अर्ब डलरभन्दा बढी योगदान गर्ने वाचा गरेका छन् ।

# सन् २०२५ मा अमेरिकाको वस्तु व्यापार घाटा नयाँ उच्चतामा

अमेरिकी वाणिज्य मन्त्रालयबाट फेब्रुअरी १९ मा प्रकाशित तथ्याङ्कअनुसार सन् २०२५ मा अमेरिकाको वस्तु व्यापार घाटा अभूतपूर्व १२ खर्ब ४० अर्ब ९० करोड अर्ब अमेरिकी डलर पुगेको छ । जुन अघिल्लो वर्षको भन्दा २५.५ अर्ब डलर बढी हुनुका साथै वृद्धिदर २.१ प्रतिशत पुगेको छ ।

उक्त तथ्याङ्कअनुसार सन् २०२५ मा अमेरिकाको वस्तु निर्यातीत र आयातीत कुल रकम क्रमशः २१ खर्ब ९७ अर्ब ५० करोड डलर र ३४ खर्ब ३८ अर्ब ४० करोड डलर छ । यसमध्ये अघिल्लो वर्षको तुलनामा युरोपेली सङ्घबिच अमेरिकाको वस्तु व्यापार घाटा १७.१ अर्ब डलर कम भए तापनि मेक्सिको तथा भियतनामसँग अमेरिकाको वस्तु व्यापार घाटा क्रमशः २५.४ अर्ब र ५४.७ अर्ब डलर बढी रहेको छ ।

सोही दिन प्रकाशित तथ्याङ्कले देखाएको छ कि, सन् २०२५ को डिसेम्बरमा अमेरिकाको वस्तु र सेवा व्यापार घाटा ७०.३ अर्ब डलर रहेको छ, जुन नोभेम्बरको तुलनामा १७.३ अर्ब डलर बढी हो । यसको वृद्धिदर ३२.६ प्रतिशत पुगेको छ, जुन लगातार दोस्रो महिनामा उल्लेखनीय वृद्धि हो ।

ट्रम्प सरकारले व्यापार साझेदारहरूका लागि शुल्क बढाउने मुख्य निहुँमध्ये एक शुल्कले व्यापार घाटा घटाउन मद्दत गर्ने हो । अमेरिकाको रिजर्भ फाइनान्सियल ग्रुपको लगानी रणनीति विभागका प्रमुख अर्थशास्त्रीले सन् २०२५ को व्यापार घाटाबाट शुल्कले समग्र घाटामा पारेको प्रभाव कम भएको विश्लेषण गरेका छन् ।

# सुडान सङ्घर्षबारे चीन पाँचबुँदे सहमतिको पहलमा अडिग

संयुक्त राष्ट्र सङ्घस्थित चीनका स्थायी प्रतिनिधि फु छोङले फेब्रुअरी १९ को सुरक्षा परिषदमा सुडान समस्याको समीक्षा गर्दै भन्नुभयो, "सुडान सङ्घर्ष सुरू भएको करिब ३ वर्ष भइसकेको छ, जसले देश र जनतालाई गहिरो विपत्ति ल्याएको छ ।

चीनले अन्तर्राष्ट्रिय समुदायलाई पाँचबुँदे सहमतिमा अडिग रहन र सुडान सङ्घर्षको दीर्घकालीन र प्रभावकारी समाधान खोज्न मिलेर काम गर्न पहल गरेको छ । पाँच बुँदे सहमति यसप्रकार छन् :

पहिलो, चाँडै युद्धविराम गर्ने, दोस्रो, मानवीय सङ्कट लचिलो पार्ने, तेस्रो, मध्यस्थता बढाउने, चौथो, सुडानी जनताबाट नेतृत्व हुने र पाँचौं, विकास र सुरक्षा दुवै समन्वय गर्ने सहमति ।

चिनियाँ प्रतिनिधि फुले सुडानसहित विश्वभरका मुस्लिमहरूले रमजान पालना गर्दै छन् । चीनले सङ्घर्षमा रहेका सबै पक्षसँग तुरून्त युद्धविराम गर्न फेरि आह्वान गरेको जनाउनुभयो । चीन अन्तर्राष्ट्रिय समुदायसँग मिलेर सुडानमा दीर्घकालीन स्थायित्व र विकास तथा समृद्धि हासिल गर्न रचनात्मक भूमिका खेल्न तत्पर छ भन्ने पुष्टि पनि उहाँले गर्नुभयो ।

# एक वर्षमा ४० लाखभन्दा बढी अफगान शरणार्थीहरू स्वदेश फिर्ता

काबुल, २० फेब्रुअरी (सिन्ह्वा) । लगभग एक वर्षको समय अवधिमा ४० लाखभन्दा बढी अफगान शरणार्थीहरू आफ्नो मातृभूमि अफगानिस्तानमा फर्केको शरणार्थी र स्वदेश फिर्ती मन्त्रालयका प्रवक्ता अब्दुल मुतालिब हक्कानीले बताउनुभएको छ ।

चालु वर्षको सुरु देखि अफगानिस्तानमा ४० लाख ७६ हजार ८०८ जना अफगान शरणार्थीहरू फर्केको जनाइएको छ । फर्किनेहरूमा स्वेच्छाले फर्केका र निर्वासितहरूसमेत समावेश रहेको अफगानिस्तानका रेडियो टेलिभिजनलगायतका मिडियाले हक्कानीलाई उद्धृत गर्दै जनाएका छन् ।

स्वदेश फर्केर, अस्थायीरूपमा शिविरमा बसेकाहरू सबैलाई अत्यावश्यक सहायता प्राप्त गरेपछि आ-आफ्नो गृह प्रान्तमा सारिएको आधिकारिक मिडियाहरूले जनाएका छन् ।

सन् २०२१ अगस्टमा अफगान सरकारले सत्ता सम्हालेपछि ८० लाखभन्दा बढी अफगान शरणार्थीहरू स्वेच्छाले छिमेकी राज्य र अन्य देशहरूबाट स्वदेश फर्केको जनाइएको छ ।

## विश्व सङ्क्षेप

### किम जोङ उन : उत्तर कोरियाली जनताको जीवनस्तर सुधार्ने वाचा

सियोल, ८ फागुन (एएफपी) । उत्तर कोरियाली नेता किम जोङ उनले शुक्रबार सुरु भएको वर्कर्स पार्टी सम्मेलनको उद्घाटन गर्दै जनताको जीवनस्तर सुधार्ने र राष्ट्रको आर्थिक विकास तीव्र पार्ने प्रतिज्ञा गर्नुभएको छ । सम्मेलनले प्योङ्याङमा राज्यको सबै क्षेत्रमा निर्देशन र कार्यान्वयनका योजना प्रस्तुत गर्ने अवसर प्रदान गरेको बताइएको छ । किमले भन्नुभयो, "हाम्रो पार्टीले आर्थिक निर्माण र जनताको जीवनस्तर सुधार गर्दै राज्य र सामाजिक जीवनका सबै क्षेत्रलाई छिटो रूपान्तरण गर्न आवश्यक ऐतिहासिक कार्यहरूको सामना गरिरहेको छ ।"

किमले सन् २०११ मा सत्ता सम्हालेपछि गरिब राष्ट्रको अर्थतन्त्र बलियो बनाउने र नागरिकको जीवनस्तर सुधार्नेमा जोड दिनुभएको छ ।

अन्तर्राष्ट्रिय सन्दर्भमा, चीन र रुसले मैत्रीपूर्ण सन्देश पठाएका छन् । किमले गत वर्ष पेइचिङमा चीनका राष्ट्रपति सी चिनफिङ र रुसका राष्ट्रपति भ्लादिमिर पुटिनसँग देखापर्नु, उहाँको विश्व राजनीतिमा उच्च स्थिति र कूटनीतिक सञ्जालको सङ्केत हो ।

### फिलिपिन्समा भारी वर्षाका कारण पहिरो, सात जनाको मृत्यु

मनिला, २० फेब्रुअरी (सिन्ह्वा) । दक्षिणी फिलिपिन्सको डाभाओ डे ओरो र डाभाओ ओरिएन्टल प्रान्तमा भारी वर्षाका कारण आएको पहिरोमा परी कम्तीमा सात जनाको मृत्यु भएको अधिकारीहरूले शुक्रबार बताएका छन् ।

फिलिपिन्स रेडक्रसले दाभाओ डे ओरो प्रान्तको मोन्कायो सहरस्थित प्रभावित क्षेत्रबाट तीन जनाको शव बरामद गरेको बताएको छ ।

शुक्रबार डाभाओ ओरिएन्टलको माटी सहरमा आएको पहिरोले एउटै परिवारका चार जनाको मृत्यु भएको सहरको फायर स्टेसनले सामाजिक सञ्जालमार्फत जनाएको छ । सुरिगाओ डेल सुर प्रान्तको बिस्लिग सहरका समुदायहरूमा पानी पसेकाले स्वयंसेवकहरूले प्रभावित परिवारलाई सुरक्षित क्षेत्रमा सर्न सहयोग गरेको जनाइएको ।

### मार्सल ल सङ्कटमा युनको माफी

सियोल, २० फेब्रुअरी (एएफपी) । विद्रोहको आरोपमा आजीवन कारावासको सजाय सुनाइएपछि दक्षिण कोरियाका अपमानित पूर्वराष्ट्रपति युन सुक येओलले सन् २०२४ को मार्सल ल घोषणाबाट उत्पन्न भएको राजनीतिक उथलपुथल र जनअसन्तुष्टिका लागि शुक्रबार गहिरो माफी मागेका छन् । सजाय सुनाइएको एक दिनपछि उहाँले आफ्नो निर्णयले देशलाई ठूलो सामाजिक लागत बेहोर्न बाध्य पारेको स्वीकार गर्दै त्यसबाट निम्तिएको 'निराशा र कठिनाइ' प्रति दुःख व्यक्त गरेका हुन् ।

सियोल केन्द्रीय जिल्ला अदालतले बिहीबार युनलाई डिसेम्बर २०२४ मा संसद्लाई लामो समयसम्म निष्क्रिय बनाउने उद्देश्यले विद्रोहको नेतृत्व गरेको ठहर गर्दै दोषी ठहर गरेको थियो । अदालतका अनुसार उनले शासन सञ्चालनमा अवरोध आएको भन्दै सैन्य बल परिचालन गरेर निर्वाचित संस्थालाई निष्क्रिय बनाउने प्रयास गरेका थिए ।

"राष्ट्रलाई बचाउने मेरो सङ्कल्प हुँदाहुँदै मेरा आफ्नै कमजोरीका कारण मैले मानिसहरूलाई निम्त्याएको निराशा र कठिनाइहरूका लागि म गहिरो माफी माग्छु," वक्तव्यमा उल्लेख छ ।

मार्सल ल घोषणापछि देशव्यापी आकस्मिक प्रदर्शन सुरु भएका थिए । यसले शेयर बजारलाई अस्थिर बनाएको थियो भने संयुक्त राज्य अमेरिकाजस्ता प्रमुख सैन्य साझेदारहरूलाई समेत चासो र चिन्तामा पारेको थियो ।

### बलियो जापानको प्रतिज्ञा

टोकियो, २० फेब्रुअरी (एएफपी) । सत्तारूढ एलडीपीले दुईतिहाइ बहुमतसहितको जित हात पारेपछि प्रधानमन्त्री साने ताकाइचीले शुक्रबार संसद्मा प्रस्तुत नीतिगत सम्बोधनमार्फत जापानलाई 'बलियो र समृद्ध' राष्ट्र बनाउने प्रतिबद्धता दोहोऱ्याउनुभएको छ । सुरक्षा चुनौती चर्किँदै गएको र आर्थिक दबाब बढिरहेको सन्दर्भमा उहाँले रक्षा नीतिको पुनरावलोकनदेखि आर्थिक पुनरुत्थानसम्म व्यापक एजेन्डा अघि सार्नुभएको हो ।

अर्थतन्त्रतर्फ ताकाइचीले बजारको विश्वास कमजोर पार्ने 'अविवेकी वित्तीय नीति' नअपनाइने स्पष्ट पार्नुभयो । सार्वजनिक ऋणलाई कुल गार्हस्थ उत्पादन ( जीडीपी) को अनुपातमा घटाउने प्रतिबद्धता व्यक्त गर्दै उहाँले विकास प्रवर्द्धनका लागि 'ग्रोथ स्विच' निरन्तर थिचिरहने बताउनुभयो ।

### स्विडेनद्वारा युक्रेनलाई सैन्य सहायता घोषणा

हेलसिन्की, २० फेब्रुअरी (सिन्ह्वा) । स्विडेनले युक्रेनका लागि आफ्नो सैन्य सहायता प्याकेजको घोषणा गरेको छ । जसको मूल्य लगभग एक अर्ब ४० करोड अमेरिकी डलर रहेको जनाइएको छ । यसमा हवाई रक्षा, गोला बारुदक साथै कोषको ठूलो हिस्सा रहेको विज्ञप्तिमा उल्लेख छ ।

स्विडेनले मोड्युलर क्षमताले बन्दुक र मिसाइल प्रणाली, इन्टरसेप्टर, सेन्सर, इलेक्ट्रोनिक युद्ध कम्पोनेन्ट र कमान्ड-एन्ड-कन्ट्रोल प्रणालीले हवाई खतराबाट जोगाउन मद्दत गर्ने जनाएको छ ।

प्याकेजमा गोला बारुद, प्रशिक्षण र सम्बन्धित सहयोगका लागि लगभग ३३ करोड डलर छुट्याएकोमा ठूलो मात्रामा शेल र एयर डिफेन्स राउन्डहरू खरिद गरिएको छ ।

पछिल्लो प्याकेजसहित रूस-युक्रेन द्वन्द्व सुरु भएदेखि युक्रेनलाई स्विडेनको सैन्य सहयोग लगभग ११ अर्ब ३० करोड डलर पुगेको जनाइएको छ ।

# शिक्षकको रिस : एउटा अघोषित आशीर्वाद

✍ इकुश्रे

भाइबहिनीहरू ! तपाईँहरूले आफूलाई पढाउने शिक्षक रिसाएको देख्नुभएको छ ? कि तपाईंले नै कहिलेकाहीँ उहाँको गाली खानुभएको छ ? सायद कसैले हाँस्दै भन्नुहोला, “हो, मैले त धेरैपटक गाली खाएको छु ।” कसैले मनमनै त्यो दिन सम्झिनुहोला, जब किताब नल्याउँदा वा होमवर्क नगर्दा शिक्षक अलि चर्को स्वरमा बोल्नुभएको थियो । त्यतिबेला तपाईंको मन अलि खिन्न भयो होला, अनुहार मलिन भयो होला । तर, आज हामी एउटा साँचो कुरा बुझ्ने प्रयास गरौँ - के शिक्षक साँच्चै हामीलाई दुःख दिन रिसाउनुहुन्छ त ?

शिक्षक पनि हामीजस्तै संवेदनशील मन भएका मानिस नै हुनुहुन्छ । उहाँलाई पनि माया लाग्छ, चिन्ता लाग्छ, आशा लाग्छ । जब कक्षामा सबै विद्यार्थी ध्यान दिएर पढिरहेका हुन्छन्, कापीमा सुन्दर अक्षरले लेखिरहेका हुन्छन्, जिज्ञासा राखेर प्रश्न सोधिरहेका हुन्छन्, तब शिक्षकको मन खुसीले भरिन्छ । तर, जब विद्यार्थीको अगाडि कापी र कलम त हुन्छ, तर बोर्डमा लेखिएको कुरा सार्ने जाँगर हुँदैन, किताब हातमा भएर पनि पाना पल्टाइएको हुँदैन, बारम्बार सम्झाउँदा पनि विद्यार्थीमा सुधार आउँदैन - त्यो देख्दा शिक्षकको मन दुख्छ । उहाँलाई लाग्छ, “मेरो विद्यार्थीले धेरै गर्न सक्छ, तर किन प्रयास गरिरहेको छैन ?” यही दुखाइ कहिलेकाहीँ रिसको रूपमा बाहिर देखिन्छ ।

कक्षाकोठा पढ्ने ठाउँमात्र होइन, जीवन सिक्ने ठाउँ पनि हो । कुनै पनि काम समयमै गर्ने बानी, आउने बानी, अनुशासन पालना गर्ने संस्कार, अरूको कुरा ध्यान दिएर सुन्ने धैर्य - यी सबै गुण सानैदेखि सिकिन्छन् । शिक्षकलाई थाहा हुन्छ, आजको सानो लापरबाहीले भोलि ठुलो समस्या निम्त्याउन सक्छ । आज पढाइप्रति बेवास्ता गर्ने बानीले भविष्यमा पछुतो ल्याउन सक्छ । त्यसैले उहाँले बारम्बार सम्झाउनुहुन्छ, सचेत गराउनुहुन्छ, आवश्यक पर्दा कडा स्वर पनि गर्नुहुन्छ । त्यो कठोरता तपाईँहरूलाई अनावश्यक नियन्त्रणका लागि होइन, तपाईँको भविष्य निर्माणका लागि हो ।

सोच्नुस् त, आमाले तपाईँहरूलाई किन डाँट्नुहुन्छ ? बुबाले किन सम्झाउनुहुन्छ ? किनकि उहाँहरू तपाईँहरूको उज्यालो भविष्य चाहनुहुन्छ । यदि आमाबुबालाई तपाईँहरूको मतलब नै नहुँदो हो भने, उहाँहरूले केही पनि भन्नुहुन्नथ्यो । ठीक त्यस्तै, शिक्षकलाई हाम्रो जीवनको चिन्ता नभएको भए उहाँ चुप लागेर बस्नुहुन्थ्यो । तर, उहाँ त्यसो गर्नुहुन्न । किनकि उहाँको मनमा सधैँ एउटा कामना हुन्छ, “मेरो विद्यार्थी सफल बनोस्, उसले आफ्नो भविष्य उज्यालो बनाओस् ।”

एउटा किसानले खेतमा बीउ रोप्छ । उसले समयमै पानी हाल्छ, झार उखेलेर सफा गर्छ । बेलाबेलामा हेरचाह गर्छ । कुनै बोट ढलेको भए त्यसलाई डोरीले बाँधिदिन्छ । त्यसो गरेन भने खेतीबालीले राम्रो उत्पादन दिँदैन । त्यस्तै, बगैँचामा रहेका फलफूलका साना बिरुवालाई कहिलेकाहीँ सिधा बनाउन डोरीले बाँधिदिन्छ । त्यो बेला बोटले सायद सोच्दो होला, “मलाई किन यसरी बाँधेको होला, कस्तो दुखिरहेछ !” तर, जब त्यो बोट ठूलो र बलियो बन्छ, फल दिन थाल्छ, तब उसले मनमनै भन्छ होला, “त्यो बँधाइ र दुखाइ त मेरै भलाइका लागि रहेछ !” शिक्षकको रिस पनि त्यस्तै हो । अहिले अलि तीतो लाग्न सक्छ, तर त्यो हाम्रो व्यक्तित्व बलियो बनाउनकै लागि हो ।

तपाईँहरू कसैले, कुमालेले माटोको गाग्रो बनाएको देख्नुभएको छ ? त्यो बेला उसले गाग्रोलाई बाहिरबाट ठटाउँछ, तर भित्रबाट कोमल हातले सहारा पनि दिइरहेको हुन्छ । शिक्षकको भूमिका पनि त्यस्तै हुन्छ । बाहिर देखिने ‘रिस’ ले हाम्रो कमजोरी हटाउँदै बलियो बनाइरहेको हुन्छ, तर उहाँको भित्री मनमा सधैँ माया र आशीर्वाद नै बगिरहेको हुन्छ । उहाँ चाहनुहुन्छ, हामी अनुशासित बनौँ, सक्षम बनौँ, आत्मविश्वासी बनौँ ।

यदि कुनै बेला शिक्षक रिसाउनुभयो भने हामीले के गर्ने ? पहिले शान्त बस्ने । रिसको जवाफ रिसले दिनु हुँदैन । त्यसपछि आफ्नै गल्ती खोज्ने । “मैले कहाँ कमजोरी गरेँ ?” भन्ने प्रश्न आफैँलाई सोध्ने । यदि गल्ती भएको छ भने नम्र भएर भन्न सकिन्छ, “सर/म्याम, माफ गर्नुहोस् । अबदेखि सुधार गर्नेछु ।” तर, साँचो माफी शब्दमा होइन, व्यवहारमा देखिन्छ । भोलिपल्टदेखि समयमै कापी ल्याउने, होमवर्क गर्ने, ध्यान दिएर पढ्ने - यही नै साँचो परिवर्तन हो । मनमा दुःखको गाँठो नबाँध्ने, “मलाई मात्र गाली गरियो” भनेर रिस नपाल्ने । शिक्षकको उद्देश्य तपाईँलाई अपमान गर्ने होइन, तपाईँको सानो गल्तीको उदाहरण दिएर सबैलाई सुधार्न मद्दत गर्ने हो ।

एउटा खेल प्रशिक्षकले पनि खेलाडीलाई कडा अभ्यास गराउँछ । कहिलेकाहीँ कडा स्वरमा निर्देशन दिन्छ । किनकि, उसले खेलाडीलाई जिताउन चाहन्छ । त्यसैगरी, शिक्षक हाम्रो जीवनका प्रशिक्षक हुनुहुन्छ । उहाँको रिस, हारबाट जोगाएर जिततर्फ डोऱ्याउने सङ्केत हो ।

त्यसैले, अर्को पटक शिक्षक रिसाउनुभयो भने मनमनै भन्नुहोस्, “उहाँ मेरो भलाइ चाहनुहुन्छ ।” जब हामी शिक्षकको रिसभित्र लुकेको माया बुझ्न थाल्छौँ, तब हामी साँच्चै राम्रो विद्यार्थी बन्न थाल्छौँ । एकदिन त्यही शिक्षक गर्वले भन्नुहुनेछ, “यो मैले धेरै माया गरेको मेरो विद्यार्थी हो ।” त्यो बेला शिक्षक विद्यार्थी दुवैमा एकअर्कामा माया र सम्मानको भाव पैदा भइसकेको हुन्छ ।

शिक्षकको रिस वास्तवमा एउटा अघोषित आशीर्वाद हो - जसले हामीलाई सही बाटोमा हिँडाउन, अनुशासित बनाउन र उज्यालो भविष्यतर्फ अघि बढाउन निरन्तर साथ दिइरहेको हुन्छ ।

## छोरालाई पत्र

# राजनीति : गुगलको रहर होइन, भूगोलको भोगाइ

प्यारो छोरा,
शुभ आशीर्वाद ।

तिम्रो एसएमएस अहिले भर्खरै पढेँ । परदेशमा बसेर देशको चुनावप्रति तिम्रो चासो देख्दा खुसी लाग्यो । तर छोरा, तिमीले मत परिवर्तनको जुन सल्लाह दियौ, त्यसबारे मलाई केही कुरा प्रस्ट पार्न मन लाग्यो । राजनीति भनेको केवल ‘नयाँ अनुहार’ रोज्नु होइन, यो त ‘सही विचार र इतिहास’ रोज्नु हो ।

मैले किन नेपाल मजदुर किसान पार्टी (नेमकिपा) रोजेँ र किन अहिले पनि यसैमा अडिग छु, त्यसका केही कारणहरू छन् :

**१. नयाँ शक्ति र विदेशीको खेल :**

छोरा, तिमीले ‘नयाँ’ भनेका शक्तिहरूको कुनै निश्चित सिद्धान्त, विचार वा दर्शन छैन । यी त केवल पुराना दलहरूको कार्यशैलीबाट उब्जेको वितृष्णाको परिणाम मात्र हो । स्पष्ट नीति नभएका यस्ता शक्तिहरू विदेशी शक्तिले आफ्नो अनुकूलताका लागि ‘पुरानो घोडा थाकेपछि नयाँ घोडा फेरेको’ जस्तै मात्र हुन् । विदेशीले आफ्नो स्वार्थ पूरा गर्न पुराना शक्तिहरू असफल भएपछि नयाँ पात्रहरूलाई अघि सारेका हुनसक्छन् । कुनै वैचारिक धरातल नभएका यस्ता पात्रहरूले देशको सार्वभौमिकता जोगाउन सक्दैनन् ।

**२. नदीनाला र राष्ट्रघाती सन्धिको विरोध :**

धेरैपटक सरकारमा गएका दलहरूले महाकाली सन्धि, सुस्ता-कालापानी अतिक्रमण र टनकपुर सम्झौताजस्ता असमान सन्धिहरू गरेर देशको जलविद्युत् र पानी विदेशीलाई सुम्पिए । तर, नेमकिपाले यी राष्ट्रघाती कदमको विरुद्ध सधैँ सडक र सदनबाट खबरदारी गरिरह्यो । सीमा मिचिँदा सिमानामै पुगेर प्रदर्शन गर्ने साहस केवल हामीसँग छ ।

**३. आत्मनिर्भरता र भक्तपुर मोडेल :**

हामीले सधैँ ‘आफ्नो खुट्टामा आफैँ उभिनुपर्छ’ भन्ने आत्मनिर्भर नीति अँगालेका छौँ । कसैको सर्तसहितको अनुदान कुरेर बसेनौँ । त्यही भएर आज भक्तपुरमा आफ्नै मिहिनेतले ख्वप कलेज, इन्जिनियरिङ कलेज र ख्वप अस्पताल बनेका छन् । हामी अझै पनि ख्वप विश्वविद्यालयको माग गर्दै छौँ ताकि शिक्षा र स्वास्थ्य पूर्णतः सेवामुखी होस् । राष्ट्रियता र संस्कृतिमा आँच आउने गरी आएका एमसीसी र एसपीपीजस्ता आर्थिक सहयोगलाई हामीले खुलेरै अस्वीकार गऱ्यौँ ।

**४. हाम्रो आन्दोलनको राप र ताप :**

हामी पुराना कार्यकर्ताले सामन्तविरुद्ध बाली काट्ने आन्दोलन, कुतको रसिदका लागि भर्पाई प्राप्त गर्ने आन्दोलन र किसान ठग्नेहरूविरुद्ध साँढे धपाउने अन्यत्र कतै भेटिँदैन ।

**५. अन्तर्राष्ट्रिय न्यायको पक्षधर :**

हामी नेपालको मात्र होइन, विश्वभरका उत्पीडित जनताको पक्षमा छौँ । अमेरिकाले भेनेजुयलामा गरेको हस्तक्षेप होस्, भियतनाम युद्ध होस् वा अहिलेको रुस-युक्रेन र इजरायल-प्यालेस्टिन युद्ध - हामीले सधैँ साम्राज्यवादी थिचोमिचोको विरुद्ध र न्यायको पक्षमा आवाज उठाएका छौँ ।

छोरा, राजनीति ‘गुगलको रहर’ मा होइन, ‘भूगोलको भोगाइ’ मा चल्छ । विदेशीको इसारामा चल्ने ‘नयाँ घोडा’ हरूभन्दा आफ्नै माटोमा पसिना बगाउने र सिद्धान्तमा अडिग रहने नेतृत्व नै देशका लागि आवश्यक छ । त्यसैले, मेरो मत देशको स्वाभिमान जोगाउने नेमकिपाकै लागि हुनेछ ।

**उही तिम्रो नेपाल आमा,**
नेपाल ।

## कविता

# समय हो यो रोज्ने देशभक्त मादललाई

✍ साहिँला

चन्द्र सूर्य अङ्कित झन्डा हाम्रो देशको
सगरमाथा झैँ शिर जहिल्यै उठेको ॥

देशभक्त स्वाभिमानी हामी नेपाली
विदेशीको चलखेल नसहने बानी
देशको ढुकुटी रित्याउने लोभीपापीको
देश र झन्डा फेर्ने विचार स्वीकार्य छैन ॥

भ्रष्टाचारी, कमिसनखोर, पतञ्जली दलाल
चन्द्र सूर्य झन्डा बोकी आगो लगाउने
विध्वंसकारी विदेशी दलाल किन होइन र ?
पुराना नयाँ शासकहरू कठपुतली भएर ॥

नदीनाला उद्योगधन्दा विदेशीलाई दिनेलाई
भ्रष्टाचारी कमिसनखोरी हत्यारा बलात्कारीलाई
देशैभरि तिरस्कार गरौँ एमसीसीका मतियारलाई
समय हो यो रोज्ने देशभक्त मादललाई ॥

# सिद्धान्तको लडाइँ

✍ सत्य सुवाल

फागुन २१ को सँघारमा, एउटा गम्भीर प्रश्न उभिएको छ,
माटो जोगाउने कि देश जलाउने ? द्वन्द्व यहाँ चर्किएको छ ।
पुराना भन्छन् ‘गठबन्धन’, जितका लागि सिद्धान्त बेचेका छन्,
आफ्नै झन्डा र विचारलाई भुली, सत्ताको आचीमा नाचेका छन् ।
एकातिर काङ्ग्रेस, एमाले, माओवादी– नाम मात्रका फरक,
सत्ताका लागि विदेशीको ढोकामा, सबैको उस्तै छ लरक ।
अर्कातिर सिद्धान्तहीन नयाँ भिड, सडकमा डढेलो लगाउँदै छन्,
निकास होइन, अराजकताको बाटो– यिनले देशलाई पठाउँदै छन् ।
तर, सदनको त्यो रोस्टममा, जब सुवाल एक्लै गर्जन्छन्,
पुराना हुन् कि नयाँ दलाल, सबै डरले थर्कन्छन् ।
भ्रष्टाचारको एँजेरुलाई, ‘जराबाटै ताछ्नुपर्छ’ भन्छन्,
माटो बेच्ने गद्दारलाई, ‘मृत्युदण्ड नै चाहिन्छ’ भन्छन् ।
‘कहाँ गयो सीमा ? कहाँ छ नक्सा ?’ सुवालको त्यो तीखो प्रहार,
खुला सीमामा काँडेतारको पर्खाल– राष्ट्रियताको एउटै आधार ।
सन्धि र सम्झौताका काला पाना, जब उनले सदनमा पल्टाउँछन्,
दिल्ली र वासिङटनका गोटीहरू, आफ्नो अनुहार लुकाउँछन् ।
नयाँ हुन् वा पुराना, सिद्धान्तबिना देश चल्ने छैन,
सस्तो गाली र तालीले, स्वाधीनताको दियो बल्ने छैन ।
अध्ययन र निष्ठाको बाटो, सुवालले मात्रै देखाए,
दशकौँसम्म एक्लै लडेर, उनले विचारको ज्योति जोगाए ।
त्यसैले फागुन २१ मा, सस्तो लहर वा गठबन्धनको पछि नलाग,
देश जलाउने अराजक होइन, देश जोगाउने राँकोमा जाग ।
झूटको खेती गर्नेहरू हजार होऊन्, तर सत्यको स्वर एउटै काफी छ,
सत्ता र सडकका सबै दलाललाई, एक्लो ‘प्रेम सुवाल’ नै काफी छ ।

# विद्याको मन्दिरको हीरक जयन्तीको शुभकामना

✍ न्हुछेरत्न बुद्धाचार्य

प्रजातन्त्रको मिरमिरे उज्यालोमा उदय भएको
प्राचीन ऐतिहासिक नगर भक्तपुरको यो विद्याको मन्दिर
एक मनमोहक किरातकालीन बस्तीमा अवस्थित
सामाजिक सेवाको पवित्र भावना लिई जनसेवा गरिरहेको
यो ज्ञानको मन्दिर सरस्वती विद्यागृह ।

आज यो हिमशिखरको काखमा रहेको
सरस्वती विद्यागृहको हीरक जयन्तीको शुभदिनमा
सफलता उत्तरोतर प्रगतिको कामना गरी
देश र जनताको सेवा गरी अघि बढ्न सकोस् भनी शुभकामना ।

अनि यो विद्यालयमा अग्रज धरतीका ज्योति शिक्षासेवीहरूले
आफ्नो जीवन अर्पण गरी योगदान गरे
कति हिजोका धरतीका मुस्कान विद्यार्थीहरूले
यो पवित्र भूमिमा ज्ञानको सुवास छरेर राष्ट्रको सेवा गरे ।

यो वर्तमानमा कलिलो हँसिलो संसारको न्वारान गरेर
ज्ञानको प्रज्ञा प्रज्ज्वलन गर्ने कर्मठ शिक्षकहरूले
विद्यालयको उन्नति र प्रगतिको लागि
अपार महिमाले योगदान दिएर यो ज्ञानभूमिको सेवा गर्न सकोस् ।

यो नवयुगको विद्याको सागरमा
प्रत्येक विद्यार्थीले सत्यता र लगनशीलताको पथमा लम्केर
सामाजिक सेवा देशभक्तिको पाठ सिकेर
यो शान्तिभूमिको प्रतिभाशाली कर्णधार बनेर पाइला चाल्न सकोस् ।

आफ्नो सन्तति भविष्यका दिव्य चक्षु बनेर
प्रगतिपथमा अघि बढ्न सकोस्
यो प्रत्येक अभिभावकको मनोकामना पूरा होस् भनी शुभकामना ।

यो जनमानसमा गुञ्जिरहने शुभकामना
यो जन्मभूमिमा सधैँ सम्झिरहने छन्
हामी यहीँ कामना लिएर अघि बढिरहने छौँ ।

***(फागुन ८ गते भएको सरस्वती विद्यागृह माविको हीरक जयन्तीको अवसरमा वाचित कविता)***

लघु कथा

# प्रगतिशील गीत

✍ दुर्गा

ए सुनमती ! प्रगतिशील गीत प्रतियोगिता हेर्न आएनौ ? हिजो हाम्रो टोलमा नगरस्तरीय प्रगतिशील गीत प्रतियोगिता सम्पन्न भयो । बिहान मर्निङ्वाकबाट फर्केकी श्रीमान्सँगै आएकी साथी सुनमतीलाई दोबाटोमा चनमतीले सोधिन् ।

श्रीमान्को हात समाउँदै मुस्कुराएर दुःख सुखको कुरा गर्दै आएकी सुनमतीले मुस्कुराइरहेका आफ्नो श्रीमान्को हँसिलो मुख हेर्दै साथी चनमतीलाई भनिन्, आ.. त्यस्तो प्रगतिशील गीत के सुन्नु ? समय मात्र बर्बाद । त्यस्तो गीतले हाम्रो आम्दानी, कमाइ हुँदैन क्यारे, होइन र ! ? टोलको सामाजिक सेवा, पत्रपत्रिका अलिअलि पढ्ने र अलिअलि विश्वमा भइरहेको परिवर्तनबारे चासो राख्ने चनमतीले सुनमती जोडीलाई सम्झाउँदै भनिन्, हेर्नुस् सुनमती, गीत, सङ्गीतमा पनि जीवन हुन्छ । शक्ति हुन्छ । देश विदेशको दुःखी पीडितको आवाज र पीडा हुन्छ । सङ्घर्षको कथा हुन्छ, व्यथा हुन्छ । यसले जनतालाई सचेत पार्छ, सङ्घर्षशील बनाउँछ । यसमा परिवर्तनको शक्ति हुन्छ । गाईजात्रामा गाएका, नाचेका यस्तै प्रगतिशील गीत, नाच, नाटकले हाम्रो भक्तपुर सफल भएको होइन ? हिजो यस्तै गीतले निरङ्कुश, अत्याचारी राणा र पञ्चायती शासन ढलेको होइन ? मठ, मन्दिर, पोखरी, धारा आदि बनेको होइन ? भक्तपुर शिक्षा, स्वास्थ्यमा, इमानदार राजनीतिमा नमुना बन्दै गएको होइन ? हरेक टोलमा १०/२० जना इन्जिनियर, डाक्टर, नर्स भएको होइन ? मोहियानी हक पाएर हामी किसानहरू आर्थिक रूपमा माथि उठेको होइन ? यसले नै हामीलाई त्याग र सङ्घर्षको विचार, भावना दिएको होइन ? यदि आफ्नो स्वार्थलाई मात्र हेर्यौ भने जमिनदार, शोषक, सामन्त, पुँजीपतिहरू, साम्राज्यवादीहरू विभिन्न बहानामा फेरि उठेर आउनेछन् । अनि प्यालेस्टिनमा जस्तो तपाईँ हाम्रो घर धन, सम्पत्ति, ज्यान जोगिएला ? जोगिँदैन । हाम्रो देशमा पनि विदेशीहरूले त्यस्तै वातावरण बनाउँदै छ सुनमती । त्यसैले हामी सचेत हुनैपर्छ ।

निधार खुम्च्याएर चनमतीको घटलाग्दो कुरा सुनिरहेको सुनमतीको श्रीमान्ले गम्भीर हुँदै भने, “चनमतीको कुरा सत्य हो, गम्भीर छ सुनमती । हामीले हेर्न, सुन्न चुक्यौँ । अबदेखि यस्ता कार्यक्रम हुने भयो भने त तिमी पनि तिम्रा साथीहरूलाई खबर गर्नु, म पनि मेरा साथीहरूलाई खबर गर्छु है भन्दै बिदा लिएर घर गए ।

# निर्वाचनलाई दलहरूको घोषणापत्रको सैद्धान्तिक सङ्घर्षको रूपमा लिनुपर्ने



भक्तपुर, ८ फागुन । नेपाल मजदुर किसान पार्टीको चुनावी जनसभाको क्रममा बिहीबार भनपा वडा नं. २ ब्यासीमा चुनावी जनसभा गऱ्यो ।

सभामा पार्टीका सचिव एवं भक्तपुर क्षेत्र नं. १ का प्रतिनिधिसभा सदस्य प्रतिनिधिसभा सदस्य उम्मेदवार प्रेम सुवालले नेमकिपाले निर्वाचनलाई सधैँ दलहरूको घोषणापत्रको सैद्धान्तिक सङ्घर्षको रूपमा लिँदै आएको र निर्वाचन जनताको चेतनास्तर नाप्ने 'ब्यारोमिटर' भएको बताउनुभयो ।

निर्वाचनमा नेमकिपाको पक्षमा धेरै मत प्राप्त हुनु आमूल परिवर्तनको लागि परिस्थिति परिपक्व हुँदै छ भन्ने सङ्केत हुने स्पष्ट पार्दै सचिव सुवालले पार्टीले क्रान्तिकारी संसद्वादलाई व्यवहारमा लागू गर्दै जानेछ भन्नुभयो ।

सचिव सुवालले भन्नुभयो, "संसद्लाई जनताको पिर-मर्का एवम् देशको रक्षा गर्ने देशभक्तहरूको सदन बनाउन नेमकिपाका उम्मेदवारहरूलाई निर्वाचित गर्नु जरूरी छ ।"

पिछलग्गू देशको कुनै इज्जत नरहने र त्यस्तो देशको पराजय आफ्नै देशका विदेशी दलालहरूबाट हुने स्पष्ट पार्दै सचिव सुवालले हामी को हौँ र शासक पार्टी को हुन् भन्नेबारे नेपाली जनताले समयमै चिन्नु जरूरी भएको बताउनुभयो ।

सचिव सुवालले भन्नुभयो, "नेमकिपा सभ्य, सुसंस्कृत र आदर्श समाज स्थापना गर्न लागिपरेको छ । सुसंस्कृत समाज निर्माणको लागि विद्यालय शिक्षा नि:शुल्क र अनिवार्य तथा विश्वविद्यालय शिक्षा नि:शुल्क हुने कानुनी व्यवस्था जरूरी छ ।"

नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले अहिले नयाँको नाममा होहल्लाको भरमा नयाँ जेलेन्स्की तयार पार्दै नेपाललाई युक्रेन बनाउने खतरा रहेको बताउनुभयो ।

चीनलाई घेर्न संरा अमेरिका भारतको माध्यमबाट नेपाली भूमिमा दलाइ लामाको घोषणा गर्ने तयारी गरिरहेको तर्फ उहाँले सचेत गराउनुभयो ।

शासक पार्टीहरू भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको स्वार्थमा लागेकै कारण देश पराधीन हुनुपरेको र कृषिप्रधान देश खाद्यान्नमा समेत परनिर्भर हुनुपरेको हुँदा शासक पार्टीहरूलाई पराजित गरेर नेमकिपाका उम्मेदवारहरूलाई जिताउन आग्रह गर्दछु, केन्द्रीय सदस्य गोसाईले भन्नुभयो ।

पार्टीका अर्का केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य सृजना सैंजूले नेमकिपाले कलेजहरू सञ्चालन गरेर नयाँ पुस्तालाई सेवा गरिरहेको छ भन्नुभयो ।

देश र जनताको नि:स्वार्थ सेवाबाहेक नेमकिपाको अरू कुनै स्वार्थ नभएको उहाँले बताउनुभयो ।

नेमकिपा भनपा २ निर्वाचन परिचालन समितिका अध्यक्ष रवीन्द्र खर्बुजाको सभापतित्वमा भएको उक्त सभामा नेमकिपा भक्तपुर नगर समितिका गङ्गाराम ज्याख्व, विद्यार्थी विभु किजु, प्राध्यापक विश्वमोहन जोशी, आयोजक समितिका सूर्यनारायण फाँजु र गणेशप्रसाद सुवालले पनि बोल्नुभएको थियो ।

# नयाँ र पुराना पुँजीवादी दलहरू विदेशी दलाल

भक्तपुर, ८ फागुन । "कुनै पनि दलको नामले नयाँ र पुरानो हुने गर्दैन, बरू त्यसले लिने नीति तथा कार्यक्रमले त्यसको छिनोफानो गर्दछ । ठूला भनिएका र नयाँ भनिएका दलहरूको नीतिले ती सबै दलहरू फरक नामका एउटै दल प्रमाणित भएका छन् ।" उक्त विचार नेपाल मजदुर किसान पार्टीका सचिव तथा भक्तपुर क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्य उम्मेदवार प्रेम सुवालले शुक्रबार भनपा-५ खँलामा भएको जनसभामा व्यक्त गर्नुभएको हो ।

युवालाई स्वदेशमा नै रोजगारी दिलाउन र कामदारवर्गका जनताको जीवनस्तर उठाउन पुँजीवादी पार्टीहरूको कुनै ठोस कार्यक्रम नरहेको उल्लेख गर्दै ती पार्टीहरूको आर्थिक नीतिले युवालाई विदेशमा बेच्ने कार्यलाई निरन्तरता दिएको र सीमित पुँजीपतिवर्गको हितमा काम गर्ने कुरा स्पष्ट भएको बताउनुभयो ।

देशलाई पराधीन बनाउने एमसीसी सम्झौता पास गर्न र देशको प्राकृतिक सम्पदा विदेशीको हातमा सुम्पने काम गर्न नयाँ र पुराना भनिएका दलहरू एकमत भएको घटनाले ती पार्टी नेपाली जनताको हितमा भन्दा विदेशी दलाल साबित भएको उहाँले बताउनुभयो ।

देशको सिमाना भारतीय विस्तारवादले मिचिरहँदा बोल्न नसक्ने, नेपालीलाई अल्पमतमा पुऱ्याएर देशलाई विदेशीको पोल्टामा पुऱ्याउने दलालहरू नेपाली अनुहारका लेण्डुप डोर्जेहरू भएको हुँदा नेपाली जनता बढी सचेतताका साथ अगाडि बढ्नुपर्ने कुरा उहाँले राख्नुभयो ।

उहाँले भन्नुभयो, "विश्व साम्राज्यवादका नाइके संरा अमेरिकी साम्राज्यवादले भेनेजुयला, क्युवा, अफगानिस्तान, भियतनामलगायत विश्वका विभिन्न देशमा गरेको थिचोमिचोविरूद्ध नेमकिपाको नेतृत्वमा भएको विरोधले नेपाली जनता विश्व साम्राज्यवादको विरोधमा र न्यायप्रेमी जनताको पक्षमा रहेको कुरा स्पष्ट गर्दछ । विश्वमा भएको अन्याय अत्याचारको विरोधमा नेपाली जनताले आवाज बुलन्द नगरे भोलि नेपाली जनतालाई आइपर्ने समस्यामा पनि विश्वले मुख नखोल्ने हुँदा अन्यायको विरूद्ध आवाज उठाउनु नेपालको अन्तर्राष्ट्रिय कर्तब्य हो ।

"नेपाली शासकहरूले जनताको समस्यालाई बेवास्ता र चरम भ्रष्टाचार गरेको हुँदा जनतामा तिनीहरूप्रति वितृष्णा जाग्नु स्वाभाविक हो । दूरदर्शिताको अभाव र सामान्य सुरक्षा विश्लेषणसमेत गर्न नसक्ने नालायकहरूको हातमा शासन सत्ता पुगेकोले देशले दुर्भाग्य भोग्नु परेको हो", उहाँले भन्नुभयो ।

विभिन्न नाममा नेपालमा सक्रिय रहेका एनजीओ र आइएनजीओको माध्यमबाट नेपाली युवाहरूलाई गलत प्रशिक्षण गरेर भदौ २३ र २४ गतेको घटनामा नेपाली किशोर किशोरीहरूलाई अगाडि सारेर देशको तीनवटै अङ्गमा हमला गरेको कुरा राख्दै उहाँले अन्तर्राष्ट्रिय सञ्चारमाध्यम र स्वयम् अमेरिकी संस्थाहरूले यसको पुष्टि गरेको विचार राख्नुभयो ।

नेपाल मजदुर किसान पार्टीले सधैँ देश र जनताको हितमा सचेततापूर्वक आफ्नो भूमिका खेलेको उल्लेख गर्दै उहाँले संसद्बाट जनताको आवाज बुलन्द गरिरहेको बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टी भक्तपुर जिल्ला समितिका अध्यक्ष सुरेन्द्रराज गोसाईले मध्यावधि निर्वाचन शासक दलहरूको अकर्मण्यताको परिणाम हो भन्नुभयो ।

जनताले ५ वर्षको लागि निर्वाचित गरेका ठुला दलका प्रतिनिधिहरू नालायक भएको कारण देशले विभिन्न समस्याहरू भोग्नुपरेको कुरा राख्नुभयो । चुनावको मुखमा आएर अनेक बाचा गर्ने शासक दलका नेताहरूले विगत ३५ वर्षदेखि जनता झुक्याउने र देशघात गर्ने काममात्र गरेको कुरा राख्नुभयो ।

एउटै कालखण्डमा साम्राज्यवादको चङ्गुलबाट मुक्त भएको चीनले गरेको प्रगतिलाई उदाहरणको रूपमा प्रस्तुत गर्दै असल नेतृत्व र इमानदार प्रयासले मात्र देशलाई सही दिशामा अगाडि बढाउने कुरा राख्नुभयो ।

पुरानो विचार बोकेर नयाँ पार्टी हुन नसक्ने कुरा राख्दै उहाँले नयाँ भनिएकाहरू झन् बढी देशको लागि खतरनाक रहेको विचार व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, "पुँजीवाद र भ्रष्टाचार घामछायाजस्तै भएकोले जनताको वास्तविक हितको लागि समाजवाद नै उत्तम विकल्पको रूपमा रहेकोले समाजवादी प्रचार अभियान निरन्तर रूपमा अगाडि बढिरहने छ ।"

नेमकिपाको तर्फबाट समानुपातिक उम्मेदवार हिमालयश्वरलाल मूलले पुँजीवादी निर्वाचनले जनताको व्यवस्था नआउने भए पनि जनताको पक्षमा काम गर्न छोड्न नहुने कुरा राख्नुभयो । नेमकिपा भनसका गंगाराम ज्याख्वले नेमकिपा जनताको साँचो पार्टी हो भन्नुभयो ।

नेमकिपा ५ वडा समितिका अध्यक्ष पूर्णगोपाल राजचलको सभापतित्वमा भएको उक्त कार्यक्रममा सम्झना लाखेले स्वागत मन्तव्य दिनुभएको थियो भने विद्यार्थी प्रतिनिधि पुरूषा मचामसीले पनि बोल्नुभएको थियो । कार्यक्रममा मङ्गलेश्वर ध्वजूले पनि बोल्नुभएको थियो ।

# चितवनमा नेमकिपाको कोणसभा




चितवन, ८ फागुन । 'देश र जनताको नि:स्वार्थ सेवा गरौँ, समाजवादी प्रचार अभियान अगाडि बढाऔँ' भन्ने नाराका साथ फागुन २१ गते हुने आम निर्वाचन २०८२ को लागि नेपाल मजदुर किसान पार्टीले चितवन क्षेत्र नं. १ को भण्डारा, लोथर र वीरेन्द्रनगर चोकमा शुक्रबार घरदैलो कार्यक्रमका साथ चुनाव प्रचार गऱ्यो ।

उक्त कार्यक्रममा नेमकिपा वाग्मती प्रदेशका सदस्य रजनी जोशीले संरा अमेरिकी साम्राज्यवादी सेना नेपालमा ल्याउन एसपीपी सम्झौता गर्न खोजेको हुँदा त्यस्ता सन्धि-सम्झौतालाई खारेज गर्न नेमकिपाका उम्मेदवारहरूलाई निर्वाचित गर्नु जरूरी रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "शासक दलहरूले विदेशी पुँजीको सेवा गरिरहेकोले नेपाली जनताले दु:ख कष्ट भोग्नु परेको हो ।"

वाग्मती प्रदेशसभा सदस्य गीता काफ्लेले नेमकिपाका निर्वाचित जनप्रतिनिधिहरूले देश र जनताको इमानदारीपूर्वक सेवा गरिरहेको हुँदा फागुन २१ को निर्वाचनमा नेमकिपाका उम्मेदवारहरूलाई जिताउन आग्रह गर्दछु भन्नुभयो ।

कार्यक्रममा नेमकिपाको तर्फबाट चितवन क्षेत्र नं. १ का उम्मेदवार राजन प्रजा, मन्जु लाखा र डी. प्रजापतिले पनि बोल्नुभएको थियो ।

# काठमाडौँ प्रदूषित सहरको १८ औँ स्थानमा

काठमाडौँ, ८ फागुन । काठमाडौँ उपत्यकाको वायु प्रदूषण घटिरहेको छ । शुक्रबार दिउँसो वायु प्रदूषण घटेर वायु गुणस्तर सूचकाङ्क (एक्युआई) ९९ पुगेको छ ।

गत मङ्गलबार उपत्यकाको एक्युआई १९१ पुगेको थियो भने बुधबार सोही समयमा घटेर ११४ मा झरेको थियो । हावा चल्ने दर बढेसँगै वायु प्रदूषण पनि घटेको वातावरण विभागले जनाएको छ ।

एक्युआईका अनुसार मङ्गलबार काठमाडौँ विश्वकै तेस्रो प्रदूषित सहरका रूपमा सूचिकृत भएकामा शुक्रबार १८ औँ स्थानमा झरेको छ । हाल पाकिस्तानको लाहोर ३७३ एक्युआईसहित पहिलो र भारतको कोलकात्ता १८६ एक्युआईसहित दोस्रो स्थानमा छ ।

वातावरण विभागका महानिर्देशक ज्ञानराज सुवेदीले सुक्खा मौसममा वायु प्रदूषण बढ्ने र वर्षा हुँदा तथा हावा चल्दा वायु प्रदूषण घट्ने जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "वर्षाले हावामा रहेको धुलो तथा कणलाई जमिनमा झार्न मद्दत गर्ने र हावाले धुलो तथा प्रदूषणका कण उठाएर लैजाँदा प्रदूषण कम हुन्छ । दिगो तथा वातावरणमैत्री विकासका उपाय प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्बन्धित निकायलाई सुझाव दिइएका छौँ ।"

वातावरणविद् भुषण तुलाधारले समयमै पूर्वतयारी, पातपतिङ्गर व्यवस्थापन, डढेलो नियन्त्रण तथा सवारीसाधनको धुवाँ परीक्षण र मापदण्डको कडाइका साथ कार्यान्वयन आवश्यक रहेको सुझाव दिनुभयो ।

एक्युआईको मापदण्डअनुसार शून्यदेखि ५० सम्म 'राम्रो' (हरियो सङ्केत), ५१ देखि १०० सम्म 'सचेत रहनुपर्ने' (पहेँलो सङ्केत), १०१ देखि १५० सम्म 'अस्वस्थ' श्रेणीमा पर्छ, जसले विशेषगरी श्वासप्रश्वास र मुटु रोगीलाई असर गर्नसक्ने जानकारहरू बताउँछन् । १५१ देखि २०० 'सबैका लागि अस्वस्थ', २०१ देखि ३०० 'धेरै अस्वस्थ' र ३०० भन्दा माथि 'अत्यन्त खतरनाक' मानिने वातावरणविद् तुलाधरले बताउनुभयो । ***रासस***

***व्यक्ति...***

शिक्षकहरूले गरेको सहयोग अतुलनीय रहेको उल्लेख गर्नुभयो ।

भक्तपुर शिक्षा शाखा प्रमुख साधुराम फुँयालले विद्यालयमा नर्सको व्यवस्थापन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

विद्यालय व्यवस्थापन समितिका सदस्य छोरीमैयाँ सुजखुको सभापत्विमा भएको सो कार्यक्रममा पूर्वशिक्षक न्हुछेरत्न वुद्धाचार्यले कविता वाचन गर्नुभयो । विमोचित गीतका रचनाकार हरिहर तिमिल्सिनाले गीतबारे व्याख्या गर्नुभयो । पूर्वप्रअ पुण्यराम सुवाल, शिक्षक प्रतिनिधि राजन छुस्याबाग, शिक्षिका दिनु जोशी र विद्यार्थी प्रतिनिधि प्रशंसा ग्यामरुले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा विद्यार्थीहरूको सांस्कृतिक कार्यक्रम देखाइएको थियो भने प्रमुख प्रजापतिले जेहेनदार, उत्कृष्ट डायरी, एसईईमा शतप्रतिशत उत्तीर्ण र सर्वोत्कृष्ट नतिजा ल्याउन सफल विद्यार्थी, उत्कृष्ट शिक्षक कर्मचारी र पूर्वप्रधानाध्यापकलाई सम्मान तथा पुरस्कार वितरण गरिएको थियो ।

***ख्वप...***

तथा बाह्य पर्यटकहरूको उत्कृष्ट गन्तव्यस्थल बन्न सफल भएको उहाँले बताउनुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरू नगरपालिकाले सञ्चालन गरे पनि देशव्यापी रूपमै सेवा भइरहेको र नपाबाट सञ्चालित सबै कलेजमा विद्यार्थीहरूको भर्ना सङ्ख्या उत्साहजनक रहेको प्रमुख प्रजापतिले बताउनुभयो ।

ख्वप शैक्षिक संस्थाहरू पनि विश्वविद्यालयकै एक महत्त्वपूर्ण अङ्ग भएको र ख्वप कलेजहरू जस्ता शैक्षिक संस्थाहरू देशैभरि स्थापना हुनु जरूरी भएको प्रमुख प्रजापतिले बताउनुभयो ।

ख्वप कलेजका प्राचार्य प्रकाशकुमार श्रेष्ठले भक्तपुरको शैक्षिक तथा सामाजिक परिवर्तनबारे र ख्वप मा.वि.का प्राचार्य लक्ष्मीप्रसाद कर्माचार्यले भक्तपुरको शैक्षिक इतिहास र भनपाद्वारा सञ्चालित विद्यालय/कलेजहरूको सञ्चालनको उद्देश्य र योगदानबारे बोल्नुभएको थियो ।

कार्यक्रममा शिक्षक गोकर्ण दुलालले पनि बोल्नुभएको थियो ।

मतदान किन गर्ने?

❖ लोकतन्त्रमा नागरिकले शासन व्यवस्थामा सहभागी हुन ।
❖ योग्य जनप्रतिनिधिको छनौट गर्न ।
❖ नागरिक कर्तव्य निर्वाह गर्न ।
❖ जनतामा नीहित सार्वभौमसत्ताको प्रयोग गर्न ।
❖ निर्वाचनको माध्यमवाट शासन व्यवस्थालाई वैधता प्रदान गर्न ।
❖ असल, विवेकशील, गतिशील र दुरदर्शी नेतृत्व चयन गरी सुशासन कायम गर्न ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा